म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २३० सामबार २० चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 3 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## रातोमाटोबाट लागूऔषधसहित दुईजना पक्राउ

हेटौंडा, १९ चैत/हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट प्रहरीले लागूऔषध गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ । पूर्व-पपश्चिम राजमार्गअन्तर्गत हेटौंडा बजारबाट रातोमाटेतर्फ आउँदै गरेको ना ७ ख ६८३९ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा ट्रकको क्याबिनमा लुकाएर ल्याएको अन्दाजी २ किलो ९ सय ग्राम लागूऔषध गाँजा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । पक्राउ पर्ने ट्रक चालक हेटौंडा उपमहानगर पालिका-८ कमाने ओमनगर बस्ने वर्ष ३४ को सुजन श्रेष्ठ र सोही स्थानमा बस्ने वर्ष ३१ को सन्तोष श्रेष्ठ रहेका छन् । उनीहरुलाई लागूऔषध गाँजासहित नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जानकारी दिएको छ ।

# बागमतीमा ५-४-२ भगबण्डाको सम्भावना, कांग्रेसले मानेन

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/बागमती प्रदेशमा गठबन्धनका दलहरुबीच भागबण्डा नटुंगिदा सरकार विस्तारमा ढिलाई भइरहेको छ ।

भागबण्डा टुंग्याउन गठित कार्यदल निरन्तर छलफलमा बसे पनि आइतबार साँझसम्म सहमति हुन सकेको छैन । मन्त्रालय भागबण्डामा गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले आ-आफ्नै दाबीमा अडान लिइराखेका छन् । बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत दिने हाम्रो नेपाली पार्टी पनि एउटा मन्त्रालयको आशमा बसेको छ । तर, नेपाली कांग्रेसले मन्त्रालय दिन नसक्ने र एउटा प्रदेशसभा समिति सभापति दिने जनाइसकेको छ । हाम्रो नेपाली पार्टीलाई सरकारमा नलगेर समिति सभापति दिनेमा नेकपा माओवादी केन्द्र पनि सहमति देखिएको छ ।




जसकारण, नेकपा माओवादी केन्द्रले नेतृत्व गरिरहेको बागमतीमा नेपाली कांग्रेस र एकीकृत समाजवादीबीचको गठबन्धन सरकार बन्नेछ । तर, १० चैतमा विश्वासको मत लिएका मुख्यमन्त्री जम्कट्टेलले सर कार विस्तार गर्न सकेका छैनन् । ११ सदस्यीय मन्त्रिपरिषद्मा मुख्यमन्त्रीसहित ४ वटा मन्त्रालय माओवादी केन्द्रले सम्हालिरहेको छ । बाँकी मन्त्रालयमा भागबण्डा मिल्न नसकेको हो । सत्तारुढ गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको दाबी १४ वटा मन्त्रालय पुगिसकेको छ । तर, ११ वटा मन्त्रालय मात्रै रहेकाले दाबी संख्या घटाउनुपर्नेमा दलहरु छन् ।

६ वटा मन्त्रालयमा नेपाली कांग्रेस, एकीकृत समाजवादीले ३ र हाम्रो नेपाली पार्टीले १ वटा मन्त्रालयमा दाबी गरेको हो । मुख्यमन्त्री जम्कट्टेल र नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिं लामाबीच आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने, सरकारमा ६ वटा मन्त्रालय कांग्रेसले लिने सहमति भएको जनाइएको छ । उक्त सहमतिका कारण मुख्यमन्त्री जम्कट्टेललाई सरकार विस्तारमा समस्या भएको हो ।

७ सदस्यीय कार्यदलको आइतबार काठमाडौंमा बसेको बैठक निश्कर्षविहीन बनेको छ । नेपाली कांग्रेसले ६ मन्त्रालयको दाबी नछोडेपछि भागबण्डा टुंग्याउन नसकेको कार्यदलका एक सदस्यले बताए ।

मुख्यमन्त्री जम्कट्टेलले कांग्रेसलाई ५ वटा मन्त्रालय दिन सक्ने बताएका छन् । एकीकृत समाजवादीले ३ वटा दाबी गरेकोमा २ वटासम्म दिने जनाइएको छ । यसो हुँदा कांग्रेसले ५ वटा, माओवादी केन्द्रले ४ वटा र एकीकृत समाजवादीले २ वटा मन्त्रालय पाउने सम्भावना छ । विश्वासको मतका लागि कांग्रेससँग गरेको सहमतिअनुसार बागमतीमा गठबन्धनको ठूलो दल भएकाले कांग्रेसलाई ६ मन्त्रालय दिनुपर्ने रहेको जनाइएको छ । जसकारण कांग्रेसले ६ वटा मन्त्रालयको दाबी छोड्न मानेको छैन । कांग्रेसले आफू ६ वटा मन्त्रालय लिएर, माओवादीले मुख्यमन्त्रीसहित ३ वटा मात्रै मन्त्रालय लिएर गठबन्धनका बाँकी दललाई मन्त्रालय बाँड्नुपर्ने अडान लिएको छ ।

तर, माओवादी लिइसकेको ४ वटा मन्त्रालय घटाउन असहमत देखिएको छ । कांग्रेस र माओवादीको लडाईंले सरकार विस्तार रोकिएको हो । माओवादीले पाइसकेको ४ वटा मन्त्रालय छोड्ने सम्भावना न्यून रहेको बताउँदै जम्कट्टेलले कांग्रेसलाई गलाएर ५ वटासम्म मन्त्रालय दिने रणनीति बनाएका छन् । यसो हुँदा कांग्रेस ५, माओवादी केन्द्र ४ र एकीकृत समाजवादीलाई २ वटा मन्त्रालय भागबण्डा लाग्छ । ५-४-२ भागबण्डामा सहमति हुने कार्यदल सदस्य तथा माओवादी सचेतक रत्न ढकालले जानकारी दिए । '५-४-२ मा सहमति भइसकेको भने छैन । सोमबार र मंगलबारसम्म यही भागबण्डाअनुसार सहमति हुन्छ', उनले भने ।

सरकार विस्तारमा ढिलाइका कारण प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले आठवटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका छन् । कांग्रेस संसदीय दलका उपनेता तथा कार्यदल संयोजक रामकृष्ण चित्रकारले भागबण्डामा सहमति हुने विश्वास व्यक्त गर्छन् । एमाले र राप्रपा सत्ताबाट बाहिरिएसँगै सत्तामा सहभागी हुन लागेको कांग्रेसमा मन्त्री हुनेको संख्या बढेपछि कांग्रेसलाई व्यवस्थापनमा समस्या भएको देखिएको छ । कांग्रेसभित्र पनि सरकारमा जान आकांक्षी धेरै देखिएपछि तनाव भइरहेको छ । आकांक्षी धेरै भएपछि ६ वटा मन्त्रालयबाट ५ वटामा चित्त बुझाउने पक्षमा कांग्रेस देखिँदैन । कार्यदल संयोजक चित्रकारले सोमबार बेलुकासम्म निर्णय हुन सक्ने बताए ।

बागमती प्रदेशसभामा कूल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१ र राप्रपाको १३, एकीकृत समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् भए पुग्छ । जुन, कांग्रेस र माओवादीको संख्या नै पर्याप्त छ । सरकार गठनमा एकीकृत समाजवादीको मत थप हुन आउँछ । बागमती प्रदेशसभाको प्रतिपक्षमा नेकपा एमाले, राप्रपा र नेमकिपा हुनेछन् ।

# फुटबल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालनको तयारी




साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/फुटबल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन कार्यविधि-२०७९ स्वीकृत गर्दै हेटौंडा उपमहानगरले एकेडेमी र प्रशिक्षण केन्द्र सञ्चालनको तयारी गरेको छ ।

निवर्तमान मेयर हरि बहादुर महतकै पालामा फुटबल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन गर्ने तयारी गरिए पनि विविध कारणले रोकिएको थियो । महतको पालामा एन्फाका पूर्वअध्यक्ष गणेश थापाको कम्पनीसँग एकेडेमी सञ्चालनका लागि सहमति भएको थियो । तर, फिफाले भ्रष्टाचार अभियोगमा १० वर्ष निलम्बन गरेका थापासँग सम्झौता भएको समाचार बाहिरिएपछि उपमहानगरपालिका रोकिएको थियो । उपमहानगरपालिकाले थापासँगको सम्झौतासमेत रद्द गरेको थियो । त्यस यता फुटबल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालनमा आउन सकेको छैन । हेटौंडामा एकेडेमी सञ्चालनको योजना विगतका वर्षदेखि नै ल्याइएको थियो ।

तर, कार्यविधि स्वीकृत भएसँगै निकट भविष्यमै एकेडेमी सञ्चालन हुने भएको छ । हेटौंडाबाट नयाँ खेलाडी उत्पादनको लक्ष्यसहित खेलकुद विकास र प्रवर्द्धनमा उपमहानगरपालिकाले प्राथमिकता राख्दै काम अघि बढाएको हो । सम्भवत: एकेडेमी तथा प्रशिक्षण केन्द्र हेटौंडा-५, पिप्लेस्थित क्याम्पा रंगशालामा सञ्चालन हुनेछ । कार्यविधि स्वीकृतिसँगै नगरबाट खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालनको बाटो खुलेको छ । फुटबल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन गर्ने कार्यविधि स्वीकृत भएको र मकवानपुर फुटवल संघसँग भने औपचारिक सम्झौता गर्ने प्रकृयामै रहेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

प्रवक्ता न्यौपानेका अनुसार जिल्ला फुटबल संघसँग सम्झौता हुने बित्तिकै काम अगाडि बढाउने उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०७९/८० मा बजेट छुट्याएको समेत जनाए । कार्यविधिअनुसार उपमहानगरको १९ वटै वडामा रहेका १२ देखि १४ वर्ष उमेर समूहका महिला तथा पुरुष खेलाडी छनोट गरी एकेडेमीमा राखेर प्रशिक्षण दिइने छ । उपमहानगर क्षेत्रका हरेक वडाबाट १/१ जना महिला तथा पुरुष र यसै क्षेत्रका अब्बल खेलाडीसहित ४५ जनालाई बन्द शिबिरको प्रशिक्षणमा राखेर नियमित प्रशिक्षण, आवास, खानपान, शिक्षा र स्वास्थ्योपचार सुविधासहित एकेडेमी सञ्चालन गरिने उपमहानगरका प्रवक्ता न्यौपानेले बताए ।

एकेडेमीमा नगरका ४५ महिला तथा पुरुष खेलाडीलाई आवासीय सुविधासहित प्रशिक्षण गराउन उपमहानगरले चालु आवमा ७५ लाख रुपैयाँ विनियोजन गरेको हो । मकवानपुर जिल्ला फुटबल संघसंगको सहकार्यमा नगरप्रमुख मीनाकुमारी लामा संरक्षक रहेको एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन र अनुगमन समितिले एकेडेमीको कामलाई निगरानी र सुधारका लागि निर्देशन दिनेछ । फुटबलको उर्वर भूमि रहेको मकवानपुरमा सञ्चालित एकेडेमीबाट निस्किएका खेलाडीले राष्ट्रियस्तरमा नाम कमाउने विश्वास उपमहानगरले लिएको छ ।

जिल्लामा हुने राष्ट्रियस्तरका दुई ठूला प्रतियोगिताका लागि स्थानीय टोलीमा बाहिरका खेलाडी समावेश गराउनुपर्ने बाध्यतालाई एकेडेमीले पूरा गर्ने उपमहानरले अपेक्षा गरिएको छ । काठमाडौंमा जारी ए डिभिजन लिगमा मात्रै मकवानपुरका २० जना खेलाडी सहभागी छन् । राष्ट्रिय टिममा अञ्जन विष्ट र आयुष घलान छन् । मकवानपुरका फुटबलमा भविष्य बोकेका खेलाडी विदेशिने क्रम पनि जारी छ । मकवानपुरमा एउटा राष्ट्रियस्तरको फुटबल प्रतियोगिता हरेक वर्ष आयोजना हुँदै आएको छ । जसमा हेटौंडा उपमहानगरपालिकाले आर्थिक सहयोग गरिरहेको छ ।

**घर जग्गा भाडामा**

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउण्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउण्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोट: भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
**९८४५२६९७१३/९८४५०२०९५१**
**९८५५०३०९५१ (whatsapp)**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**
(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-
**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

*Education is the real treasure*

**We are hiring...**

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. **Vice-Principal**
2. **Coordinators**
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. **Secondary & Basic Level Faculty**
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value*
   *Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. **Secretary to CEO**
5. **School Counselor**
6. **ECA/CCA Instructor**
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. **Officers**
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. **Assistants:** *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. **Discipline Staffs**
10. **Drivers, Security Guards, Cook, Helpers, Gardener**

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

**HETAUDA ACADEMY**
**Residential Secondary School**
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# नरोकिने पलायन

दैनिक दुईहजार भन्दा बढी युवा त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा लाईन लागेर खाडी मुलुकमा भबिश्य खोज्न गइरहेका छन् । अदक्ष वा अर्धदक्ष कामदार मात्र होइन यतिबेला डक्टर, ईन्जिनियर, चार्टर्ड एकाउन्टेन्टहरु पनि नेपालमा भबिश्य नदेखेर विदेशिन थालेका छन् । नेपालमा चिकित्सा शास्त्र अन्तर्गतको एमबिबिएस अध्ययन पुरा गरेका अधिकांश विद्यार्थी विदेश पलायन हुने गरेका छन् । नेपालमा थप उच्चशिक्षा अध्ययनमा समस्या र बेरोजगारीको कारण विद्यार्थी विदेश पलायन भएको देखिन्छ । शैक्षिकशत्र २०७९/८० का लागि चिकित्सा शिक्षा आयोगले विभिन्न विश्वविद्यालयका २१ वटा मेडिकल कलेजलाई एमबिबिएस कार्यक्रम सञ्चालनको लागि अनुमति प्रदान गरेको छ । ती कलेजमा एमबिबिएस अध्ययन गर्नको लागि आयोगमार्फत् छ हजार छ सय ३९ जना विद्यार्थीले प्रवेशपरीक्षा उत्तीर्ण गरेका छन् ।

ठूलो लगानी गरेर रोजगारको अवसर नपाएपछि एमबिबिएस अध्ययन गरेका विद्यार्थीको ५० प्रतिशत भन्दा धेरै संख्या विदेश पलायन हुने गरेको एक तथ्यांकले देखाएको छ । नेपाल मेडिकल एशोसियसनले यस्तो संख्या ७०/७५ प्रतिशत रहेको जानकारी दिएको छ । नेपालमा उच्चशिक्षा अध्ययनको लागि केही बाधाव्यवधान छन्, सरकारले दरबन्दी नखुलाउने र निजीमा व्यापक शोषण हुने जुन समस्या छ र न्यून पारिश्रमिकको कारणले पनि विद्यार्थी पलायन हुने गरेका छन् । विदेशमा ज्याला राम्रो भएको र करिअर पनि राम्रो हुने ठानेर विद्यार्थी जाने गरेका छन् । बिगतमा मेडिकल अध्ययन गरेका नेपाली विद्यार्थी युके, अमेरिका र अस्ट्रेलिया मात्रै जाने गरेका थिए । पछिल्लो समयमा भने मालदिभ्सदेखि खाडी मुलुकहरुसम्म जाने गरेका छन् । एमबिबिएस अध्ययन नेपालको शैक्षिक क्षेत्रमध्ये महँगो बिधाको रुपमा पर्छ । तर, राज्यले वर्षेनी एमबिबिएस अध्ययनको सुरुवात गर्ने कति विद्यार्थीले अध्ययन पूरा गरे र कति बिचमा छोडे भन्ने विषयको एकीकृत तथ्यांकको छैन । त्यस्तै, शुल्कमा वा छात्रवृत्तिमा एमबिबिएस उत्तिर्ण गरेका विद्यार्थीको अवस्था के छ भन्ने तथ्यांक राज्यसँग छैन । चार्टर्ड एकाउन्टेन्ट्स पढेपछि रोजगारीका लागि भौंतारिनु पर्दैन, जागिर शुनिश्चित हुन्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । तर, यथार्थ भने फरक छ । पछिल्लो समय रोजगारीका अवसरहरु गुम्दै गएपछि सीएहरु धमाधम विदेश पलायन भइरहेका छन् ।

दक्ष जनशक्ति पलायन पक्कै भएका छन्, आईक्यानले को कहाँ गएको छ भनेर रिपोर्टिङ गरेको हुँदैन तर, अनुमानित वार्षिक ८० देखि १०० जना सीए पलायन भइरहेका छन् । पछिल्लो समय अर्थतन्त्र संकटमा परेकै कारण पनि सीए पलायन भएका छन् । पहिला फाट्टफुट्ट विदेश पलायन भएपनि अचेल भने संख्या बढेको छ । सरकारको नीतिका कारण पनि सीए पलायन हुनु परेको छ । विदेश नजानुस् नेपालमै भविश्य सुरक्षित छ भन्न थाल्यो भने त्यो भन्ने ब्यक्तिलाई नकारात्मक रुपमा हेरिन्छ । ११ वा १२ कक्षा पढ्दै गरेका युवा विद्यार्थीलाई नेपालमै बसेर केही गर्नुपर्छ भन्ने सुझाव दिने ब्यक्ति पनि फेला पर्न छोडिसकेको छ । यदि कसैले त्यस्तो सुझाव दियो भने पनि उसलाई प्रगतिको बाधक भन्ने उपमा दिइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २१ गते बुधबार ४ अप्रिल २०२३ । त्रयोदशी चैत कृष्णपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५४, सूर्यास्त ६:२२।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : साझेदारी कार्यमा विवाद | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : दैनिक आयमा कमी | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : मांगलिक कार्य सम्पादन | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : जोस एवम् जांगर बढ्ने |

# नेपालको बिजुलीको बजार भारत नै हो



**सूर्यप्रसाद अधिकारी**

अबको केही समयभित्रै नेपालको कुल जडित क्षमता ३ हजार मेगावाट पुग्छ । सरदर रूपमा नेपालको आन्तरिक माग १३ सय मेगावाटसम्म छ र उच्च माग १८ सय मेगावाट छ । हिउँदको समयमा स्वदेशी उत्पादनले सरदर माग धान्दैन । वर्षायाममा उत्पादित आधाभन्दा धेरै बिजुली बढी हुन्छ । हालसम्म नेपालमा उत्पादित अधिकांश बिजुली नदी प्रवाहमा आधारित हो । अर्ध जलाशययुक्त आयोजनाबाट उत्पादन भएको बिजुलीको क्षमता १३० मेगावाट आसपास छ । यही कारण सुक्खायाममा न्यूनतम माग पनि धान्दैन ।

अब आउने वर्षायामको समयमा करिब १ हजार मेगावाट बिजुली धेर हुने देखिएको छ । भारतले प्राविधिक क्षमताभन्दा माथि गएर नेपालको बिजुली लग्यो भने पनि ८०० मेगावाट बिजुली लग्छ । यसबाहेक राज्य स्तरका प्रसारण लाइनबाट ४०० मेगावाट गरी कुल १२ सय मेगावाट बिजुली लग्छ । १२ सय मेगावाट भारत जाँदा पनि नेपालमा बिजुली बढी हुने स्थिति छ । नेपालको न्यूनतम र अधिकतम मागको मध्यबिन्दुलाई आधार मान्दा १५ सय मेगावाट बिजुली सरदर खपत हुन सक्छ । भारततर्फ जाने १२ सय र नेपालमा खपत हुने १५ सय मेगावाट जोड्दा २७ सय मेगावाट हुन्छ । यसअनुसार समेत ३०० मेगावाट बिजुली खेर जान्छ ।

भारततर्फका प्रसारणलाइनसमेत पूर्णरूपमा भरिभराउ छन् र त्यसबाट थप बिजुली लग्न सक्ने स्थिति छैन । बङ्गलादेशतर्फ ५० मेगावाट बिजुली बल्ल बल्ल लान सक्ने स्थिति आकलन भएको छ । यद्यपि यतिबेला नेपाल-बङ्गलादेशबीच छुट्टै डेडिकेटेड प्रसारणलाइन बनाउने छलफल अघि बढेको छ । बङ्गलादेशलाई वर्तमान स्थितिमै कम्तीमा १० हजार मेगावाट बिजुली चाहिएको छ । यही कारण सुरुमा हामी विद्युत् पूर्वाधार (प्रसारणलाइन) निर्माणमै केन्द्रित हुनुपर्छ । अहिले पाइपलाइनमा रहेका आयोजनाबाट उत्पादन सुरु भएपछि ५ हजार मेगावाट बिजुली निर्यात गर्न सक्छौं । तर यसका लागि हामीले पूर्वाधार निर्माणलाई तीव्रता दिनुपर्छ ।

नेपाल र भारतबीच विद्युत् व्यापारका लागि पूर्वाधार निर्माणको प्रक्रिया तीव्र गतिमा अघि बढेको छ । तर यतिबेला नेपाल विद्युत् प्राधिकरण बिजुली व्यापारका लागि एक्लै लागिपरेको छ । प्राधिकरणलाई सरकारले सहयोग गरेको देखिँदैन । बिजुलीको खपत बढाउनका लागि पछिल्लो ३, ४ वर्षयता प्राधिकरण तातेको छ । अन्तरनिकाय सरकारी समन्वय भइरहेको छैन । वन र स्थानीय तहले अनेक झमेला झिकिरहेका छन् । प्राधिकरणले माथिल्लो तहमा बिजुली बेच्ने भनेर पहल गरे पनि तल्लो तहमा बिजुली बेच्ने भनेकै जानकारी छैन ।

### बिजुली बेच्नैपर्छ

एउटा रिपोर्टअनुसार एक युनिट बिजुलीको खपत नेपालमा गर्दा कुल गार्हस्थ उत्पादनमा ८४-८६ रूपैयाँ मूल्यअभिवृद्धि हुन्छ । यसको अर्थ नेपालमा खपत बढाउँदा नेपाललाई र नेपालको अर्थतन्त्रलाई फाइदा हुन्छ नै । तर हामीसँग बिजुली खपतका लागि बजार छैन । हामीसँग सानो बजार हुनुका साथै सानो अर्थतन्त्र छ । यही कारण पूर्वाधार निर्माणमा चाहिने ठूलो लगानीका लागि सरकारले खर्च जुटाउनै सकेको छैन । राष्ट्रिय प्रसारणलाइन निर्माणमा प्राधिकरण र राष्ट्रिय ग्रिड कम्पनीको योजनामा रहेका आयोजनामा मात्रै करिब ६ खर्ब रूपैयाँको लगानी चाहिन्छ । यो सबै क्षेत्रको पुँजीगत बजेटको तुलनामा २ गुणा बढी हो ।

यही कारण नेपालमा खपत बढाउन सकिएको छैन । यद्यपि पछिल्लो चरणमा प्राधिकरण पूर्वाधार निर्माणमा लागिपरेको छ । गत वर्ष हामीले जति बिजुली भारततर्फ बेच्यौं, सोही परिमाणको बिजुली खेर गएको थियो । स्वदेशी उद्योगहरूले समेत मागअनुसारको बिजुली पाएका छैनन् । मागअनुसारको बिजुली आउने सुनिश्चितता भएमा खाना पकाउने एलपी ग्यासको खपतसमेत घट्छ । ९३ प्रतिशत जनसंख्यामा बिजुलीको पहुँच पुगेकोमा ८३ प्रतिशत हाराहारी जनसंख्याले बत्ती मात्रै बालिरहेका होलान् ।

यस्तो अवस्थामा नेपालमा आवश्यकता भन्दा बढी बिजुली खपत भएको अवस्थामा बिजुली व्यापार गर्ने नै हो । समानान्तर रूपमा आन्तरिक खपत पनि बढाउँदै लैजान पर्छ । काठमाडौं उपत्यकाको वितरण प्रणाली सुधार गर्नसाथ थप ४०० मेगावाटसम्म बिजुलीको बजार सुनिश्चित हुन्छ ।

### यी स्थानमा बन्दैछन् पूर्वाधार

अहिले अरुण-३ ले 'एन माइनस वान' प्रविधिमा बनाइरहेको प्रसारणलाइनमार्फत समेत प्राधिकरणले बिजुली बेच्न सक्छ । उक्त आयोजनाबाट आयोजनाको उत्पादन ९०० मेगावाट मात्रै हुन्छ । जबकि आधा क्षमतामा मात्रै पनि उक्त प्रसारणलाइनले २ हजार मेगावाट बिजुली बोक्न सक्छ । यसैगरी बन्दै गरेको बुटवल-गोरखपुर प्रसारणलाइन एमसीसी नबनी सञ्चालनमा आउन सक्दैन । यो प्रसारणलाइन सञ्चालनमा आएपछि ३ हजार मेगावाट बिजुली बेच्न सकिन्छ । यसबाहेक लम्कीबरेली प्रसारणलाइनसमेत निर्माणाधीन छन् । सबैखाले गरी सम्झौताको फेजमा ४ वटा प्रसारणलाइन गएका छन् । आगामी ५ वर्षभित्र यी आयोजनाको निर्माण सम्पन्न भएमा बिजुली निर्यातमा समस्या आउँदैन । यसका साथै कानुनी पूर्वाधारका साथै प्रशासनिक पूर्वाधारसमेत आवश्यक पर्छ ।

वनका कारणले प्राधिकरणले बनाइरहेका धेरै स्थानका प्रसारणलाइन जटिल अवस्थामा पुगेका छन् । नारायणगढ खण्डको प्रसारणलाइनको समस्या हालसालै समाधान भएको छ । कालीगण्डकी करिडोरको प्रसारणलाइन निर्माणमा ३/४ वटा टावरको विवादले आयोजना २ वर्ष ढिलाइ हुने भइसक्यो । लमजुङको १० किलोमिटर ११८ वटा टावर राख्नुपर्नेमा ३ वटाको पनि फाउन्डेसन हुन सकेको छैन जबकि यो आयोजना आजभन्दा ५ वर्षअघि सम्पन्न भइसक्नुपर्थ्यो ।

### तीन हजार मेगावाट क्षमताका आयोजना पाइपलाइनमा

राष्ट्रिय प्रसारणलाइनमा अबको केही समयमै ३ हजार मेगावाट बिजुली जोडिन्छ । यही आर्थिक वर्षको अन्त्य वा २०८० को साउन महिनासम्म नेपालको जडित क्षमता ३ हजार मेगावाट पुग्छ । यसबाहेक थप ३ हजार मेगावाट क्षमताका आयोजना निर्माणको चरणमा छन् । यी आयोजनाबाट आगामी दिनमै बिजुली उत्पादन सुरु हुन्छ । यसबाहेक सरकारले हालसालै १५ सय ५३ मेगावाट क्षमताका आयोजनाको विद्युत् खरिद सम्झौता गर्ने निर्णय गरेको छ । यी आयोजनाबाट समेत अबको केही समयमा उत्पादन सुरु हुन्छ ।

तर १५ सय मेगावाटमध्ये ५०० मेगावाट क्षमताका आयोजनाले स्रोत जुटाउन मुस्किल छ । अहिले अर्थतन्त्रमा देखिएको मन्दीका कारण थोरै आयोजनामा लगानी जुटाउनै समस्या पर्ने देखिएको छ । त्यसकारण हामी फेरि सन्तुलन गुमाउन सक्छौं । यसअघि उत्पादन बढी हुँदा खपतको बजार थिएन, बजार सुनिश्चित बन्दै जाँदा उत्पादन नपुग्न सक्छ ।

### बीबीआईएनमै चाहिन्छ १६ हजार मेगावाट बिजुली

बङ्गलादेश, भुटान इन्डिया र नेपाल मिलेर बनेको बीबीआईएन क्षेत्रम १६ हजार मेगावाट बिजुलीको व्यापार गर्न सक्ने तथ्याङ्क पाइएको थियो । यसमध्ये भुटानले ५ हजार मेगावाटको व्यापार सुरु गरिसकेको छ । नेपालमा ५ हजार क्षमताका आयोजना निर्माणका लागि भारतीय कम्पनीले लाइसेन्स पाइसकेका छन् । यी दुई तथ्याङ्क जोड्दा १० हजार मेगावाट हुन्छ । करिब ५ हजार मेगावाट क्षमताको बिजुली व्यापारको पूर्वाधार भारत र बङ्गलादेशबीच तयार भइरहेको छ । यससँगै बीबीआईएन क्षेत्रमा हुने १६ हजार मेगावाट बिजुली आगामी ५ वर्षभित्र पूर्ण हुन्छ ।

### निजी क्षेत्रलाई व्यापारको लाइसेन्स

अब नेपालको निजी क्षेत्रलाई विद्युत् व्यापारको निजी क्षेत्रलाई लाइसेन्स दिनुपर्छ । निजी क्षेत्रले विद्युत् व्यापारको लाइसेन्स पाएमा अहिलेको पूर्वाधार प्रयोग गर्दैनौं भनिरहेका छन् । देशभित्र र बाहिर पनि व्यापारको अनुमतिसँगै प्रसारणलाइन निर्माण र विद्युत् खरिद सम्झौता गरेका आयोजनाले उत्पादन थाल्न समय लाग्छ । यही कारण सरकारले निजी क्षेत्रलाई जति छिटो बिजुली व्यापारको अनुमति दिन्छ, त्यति नै छिटो व्यापार पूर्वाधार बन्छ । विगत १५-१६ वर्षदेखि बिजुली व्यापारमा निजी क्षेत्रलाई लाइसेन्स दिने ऐन रोकिइरहेको छ । निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिने विषय राजनीतीकरण भइरहेको छ ।

### भित्रिँदै भारतीय विकासकर्ता

अरुण-३ को आसपास रहेका आयोजनाहरूमा भारतको नेसनल हाइड्रोइलेक्ट्रिक पावर कर्पोरेसन (एनएचपीसी)ले धेरै आयोजना बनाउने इच्छा देखाइरहेको छ । पश्चिम सेती र सेती नदी-६ का साथै अप्पर कर्णालीसमेत एनएचपीसीले लिने तयारी गरिरहेको छ । भारतीय लगानीकर्ता आएर आयोजना बनाउँदै गर्दा नेपाललाई धेरै फाइदा हुन्छ । नेपालको बिजुली र पानीमा भारतको केही चासो त देखिन्छ नै । तर ती चासोसँगै नेपालको बिजुली नै भारतका लागि आवश्यक छ । यही कारण पछिल्लो समय भारतीय लगानीकर्ताहरू नेपालका आयोजना विकास गर्न इच्छा देखाइरहेका छन् ।

पछिल्लो समय भारतको एचएचपीसीको प्रदर्शन राम्रो देखिएको छ । जीएमआरले बङ्गलादेशसँग ५०० मेगावाटको पीपीए गरिसकेको छ । यसले नेपाल र बङ्गलादेशबीचको बाटोसमेत खुलेको छ । आयोजना विकास गर्ने विषयमा हामी अलि बढी राष्ट्रवादी बन्छौं । हामी आयोजना बनाउन दिऔं र निश्चित समयपछि त्यसको पूर्ण लाभ हामीलाई हुन्छ भन्दैनौं । तर भारतले आयोजना बनाउँदा भारतीय पक्षलाई फाइदा हुन्छ भनेर सानो चित्त बनाइरहेका छौं । भारतलाई हामीले ५ हजार मेगावाट क्षमताका आयोजना दिएका छौं । यसलाई अघि बढाउन नेपाल र भारतले संयुक्त रूपमा काम गर्न जरूरी छ ।

*(साभार: रातोपाटी)*

# श्रम आप्रवासनका मुद्दाहरू नियाल्दा

**मीना पौडेल**

म, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफ्नो वार्षिक प्रतिवेदन नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२२ प्रकाशन गरेको रहेछ । वार्षिक स्वरूप हुँदाहुँदै पनि यस पटकको प्रतिवेदनले पछिल्ला तीन आर्थिक वर्ष सन् २०१९/२०२०, २०२०/२०२१ र २०२१/२०२२ समेटेको छ ।

मन्त्रालयले यो प्रतिवेदन करिब एक दशक अगाडिदेखि प्रकाशन गर्न सुरु गरेको हो । विषयगत तथ्यांक र सूचना विश्लेषण गरी प्रकाशित गरिने राष्ट्रिय प्रतिवेदनको महत्त्व आप्रवासन विषयमा अध्ययन, अनुसन्धान गर्ने र आप्रवासी श्रमिकका अधिकारका लागि पैरवी गर्ने जोकोहीका लागि महत्त्वपूर्ण सामग्री हो । मन्त्रालयकै नेतृत्वमा यस खालको प्रतिवेदन प्रकाशन गर्ने निर्णय गर्दाको समय र पहिलो प्रतिवेदन सन् २०१३/२०१४ का लागि साझेदारहरूसँग समन्वय गर्ने जिम्मेवारी मैले संयुक्त राष्ट्र संघको आप्रवासन निकाय अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आईओएम) नेपालको राष्ट्रिय सल्लाहकारका रूपमा पूरा गरेकी थिएँ । दोस्रो प्रतिवेदनको तयारी गर्दागर्दै मेरो आईओएम अफगानिस्तान सरुवा भैसकेको थियो ।

यस्ता आवधिक प्रतिवेदनहरूले मूल रूपमा उजागर गर्ने भनेको विषयगत सवालमा भए गरेका नीतिगत र व्यावहारिक उपलब्धि, चुनौती र त्यसलाई सम्बोधन गर्ने सम्भावित रणनीतिहरूको फेहरिस्त नै हुन्, जुन नीतिगत र व्यावहारिक छिद्रहरूलाई न्यून गर्न सहयोगी हुन्छन्, यदि सम्बन्धित निकायका नेतृत्वले जिम्मेवारी महसुस गरे भने । यस क्रममा सुरुआतदेखिका श्रम आप्रवासन प्रतिवेदनहरूलाई प्रकाशन गर्दाको राजीनितिक माहोल, वरिपरि झुम्मिने वैदेशिक रोजगारीका दलालहरूले मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वलाई कसरी घेरेका छन् भन्ने परिवेश सम्झना आउनु स्वाभाविक हो । म नेपालमा रहँदा, मन्त्रालय र विभागका छलफलहरूमा जाँदा सम्बन्धित निकायका अधिकारीहरूभन्दा वैदेशिक रोजगारका दलालहरूको चहलपहल बढी देखिन्थ्यो । सुरुआती प्रतिवेदनले सुझाएका सुधारका सम्भावनालाई कार्यान्वयन तहमा शिथिल पारिदिएको स्थितिको साक्षी हुनुपर्दाको हैरानीको दृष्टान्त मसँग थुप्रै छन् । यहाँ ती तीतो अनुभवको फेहरिस्त होइन, श्रम आप्रवासनको पछिल्लो प्रतिवेदनको संक्षिप्त समीक्षा गर्ने प्रयास गरेकी छु ।

### सबल पक्ष

परिपक्व र प्रस्ट प्रशासनिक नेतृत्व : अघिल्ला प्रतिवेदनभन्दा यसपालि मन्त्रालयको नेतृत्व बढी खुलेर श्रम आप्रवासनको बहसमा उत्रेको देखिन्छ । ती प्रतिवेदनमा भन्दा बृहत् तथ्यांक र तिनको गहन विश्लेषणसहितको वस्तुगत तर आलोचनात्मक निष्कर्षले नेपालको श्रम आप्रवासन कुन कालखण्डमा पुगेको छ, त्यसले नेपाली अर्थतन्त्रलाई कसरी चलायमान बनाएको छ र वैदेशिक रोजगारीलाई व्यवस्थापन गर्ने प्रयासमा देखा परेका चुनौतीहरूलाई पनि मन्त्रालयको वर्तमान नेतृत्वले राम्ररी बुझेको रहेछ भन्ने भान हुन्छ । प्रतिवेदनले नेपालजस्तो विप्रेषणको मियोले अड्याइरहेको अर्थतन्त्र चलायमान गराउन श्रम आप्रवासन जति महत्त्वपूर्ण छ, त्यति नै यसको उचित व्यवस्थापन चुनौतीपूर्ण भएको तथ्य यसले पहिलाभन्दा प्रस्ट रूपमा बोलेको छ ।

श्रम आप्रवासन व्यवस्थापनलाई समयसापेक्ष बनाउनुपर्ने उद्घोष : यो प्रतिवेदनले तीन वर्षको स्थितिको विश्लेषण मात्र गरेको छैन, सबै प्रकृति र गन्तव्य लक्षित श्रम आप्रवासनलाई समयसापेक्ष बनाउनुपर्नेमा जोड पनि दिएको पाइन्छ । यसको मूल सार नेपालको श्रम आप्रवासन व्यवस्थापन समयसापेक्ष छैन, श्रम आप्रवासीको अधिकार र संरक्षण गर्न सक्ने प्रकृतिको छैन र गन्तव्य मुलुकसँगको श्रम कूटनीतिक सन्दर्भमा नेपाल असमान सम्बन्धमा छ भन्ने हो । श्रम आप्रवासन व्यवस्थापनका लागि भनेर निर्माण गरिएका परम्परागत संरचनाहरू समयको आवश्यकता, सम्भावना र चुनौतीलाई सम्बोधन गर्न सक्ने हैसियतका अब रहेनन्, नीतिगत खाका साँघुरा मात्र होइनन् श्रम आप्रवासीको लैंगिक, सीप, श्रम र वर्गीय पहिचानका दृष्टिकोणबाट पनि विभेदी छन् । प्रतिवेदन पढ्दा प्रस्ट हुन्छ, यी परम्परागत संरचनाहरूमा बृहत् सुधारको खाँचो छ, कतिलाई त समूल पुनर्गठन नै गर्नुपर्ने देखिन्छ । तर राजनीतिक बेथिति सबैतिर छरपस्ट भएको बेलामा पछिल्ला वर्षमा मन्त्रालयले सामान्य सुधारका भए पनि केही प्रयास थालेको देखिन्छ । त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ । उदाहरणका लागि विभागबाट गरिने श्रम स्वीकृति, केही दिनअगाडि औपचारिक रूपमा सुरु गरिएको आप्रवासी श्रमिक लक्षित सामाजिक सुरक्षा प्रावधान, वैदेशिक रोजगार बोर्डका केही काम र श्रम आप्रवासन प्रक्रियालाई अनलाइन प्रविधितर्फ प्रोत्साहित गर्न थालिनुले वैदेशिक रोजगारीका नाममा संस्थागत भएको मानव तस्करी लगायतका ठगीलाई सम्बोधन गर्न मद्दत पुग्छ । विप्रेषण पठाउने प्रक्रियालाई सहजीकरण गर्ने, महिला आप्रवासीहरूले झेलिरहेको प्रक्रियागत र श्रम स्वीकृति लगायत लैंगिक हिंसा, बेचबिखन र तस्करीका विद्यमान चुनौतीलाई सम्बोधन गर्नेतिर प्रयास गरेको देखिन्छ ।

नेपाल-भारतबीचको श्रम आप्रवासनबारे चासो : श्रम आप्रवासनमा अध्ययन-अनुसन्धान गर्नेहरूले उठाउँदै आएको नेपाल-भारत श्रम आप्रवासनको आयामलाई वैदेशिक रोजगारको औपचारिक खाकाभित्र ल्याउनुपर्ने तर्कलाई पनि स्वीकार गरी अब नीतिगत रूपमै त्यसतर्फ काम गर्नुपर्ने संकेत गरेको छ यो प्रतिवेदनले । नीति निर्माण गर्ने दायित्व बोकेका जनप्रतिनिधि चुनिएर आएको वर्तमान माहोलमा सरकारी तहबाटै यो तहको सुझबुझलाई सकारात्मक रूपमा लिनुपर्छ । नेपाल-भारतबीचको श्रम आप्रवासनको आयाम र इतिहासलाई औपनिवेशिक तुसले संक्रमित पारिरहेकामा यो एउटा महत्त्वपूर्ण कोसेढुंगा हुन सक्छ, श्रम कूटनीतिले रणनीतिक रूपमा तर भूराजनीतिक पूर्वाग्रहबिना यसलाई सम्बोधन गर्ने जमर्को गर्‍यो भने । यद्यपि नेपाल-भारतबीचको श्रम आप्रवासनको परिभाषा कानुनीभन्दा पनि राजनीतिक महत्त्वको भएको हुँदा सन् १९५० को मैत्री सन्धिसँग जोडिएको छ । वैदेशिक रोजगारीको वर्तमान कानुनी खाकालाई सामान्य फेरबदल गरेको भरमा दुई मुलुकबीचको श्रम आप्रवासनको व्यवस्थापन हुन सक्ने कुरा होइन । तर नेपाल-भारतबीचको दैनिक, मौसमी, अल्पकालीन र दीर्घकालीन श्रम आप्रवासन र त्यसले सृजना गरेका अवसर, सम्भावना, चुनौती, विभेद, अनि भित्रिएका आर्थिक, सामाजिक, सांस्कृतिक विप्रेषण र तिनको हिसाबकिताबको अन्योललाई बुझ्न-बुझाउन कूटनीतिक तहमा व्यवस्थित तरिकाले आवश्यक गृहकार्यका साथ कम्तीमा नीति निर्माण तहमा यस जटिल विषयमा बहस उठान गर्न भने सकिन्छ ।

गन्तव्य मुलुकसँगको श्रम सम्झौतालाई समयसापेक्ष र विस्तार गर्ने प्रयास : प्रतिवेदनको तथ्यांक अनुसार पछिल्लो चार वर्षमा नेपाली श्रमिकहरू १५० मुलुकमा रोजगारीका लागि गएको देखिन्छ । तर प्रतिवेदनका अनुसार हालसम्म नेपालले १० मुलुकसँग मात्रै औपचारिक श्रम सम्झौता गरेको छ र ती मूल रूपमा पछिल्ला तीन दशकमा श्रम आप्रवासनका परम्परागत रूपमा मानिएका प्रमुख गन्तव्य मुलुकहरू पर्छन् । भैरहेका श्रम सम्झौताहरू समयसापेक्ष बनाई नवीकरण गर्नेतिर मन्त्रालयको ध्यान गएको देखिन्छ, अर्कोतिर नयाँ गन्तव्यको पहिचान गर्न पहल पनि भइरहेको देखिन्छ । उसो त राजनीतिक दलहरूको घोषणापत्र र समृद्धिका नारालाई आधार मान्ने हो भने घरेलु श्रम बजारको विस्तार र श्रमको आन्तरिक व्यवस्थापन गर्नु नै सबैभन्दा उत्तम र दीर्घकालीन रणनीति हुनुपर्ने हो । विडम्बना, वर्षौंपछि पनि नयाँ बजार खोजी घरेलु जनशक्तिलाई सस्तो र धरै हदसम्म जोखिमपूर्ण श्रममा असमान सम्झौता मार्फत हामीले बेचिरहेका छौं । असमान यस अर्थमा कि केही अपवादबाहेक समग्रमा ज्याला, कामको प्रकृति र करार पत्रहरूका कसीमा नेपालबाट जाने, पठाइने र लगिने श्रमिकहरूलाई दक्षिण एसियाका अफगानिस्तानबाहेकका आप्रवासी श्रमिकमध्ये कम दक्ष श्रमिकका रूपमा लिइन्छ । नेपाली वैदेशिक रोजगार व्यवसायीहरूको पनि गन्तव्यका रोजगार दातासँग त्यति सहज पहुँच नहुँदा र बिचौलियाहरूका भरमा श्रमिक पठाउँदा ठगी र शोषण झन् बढी हुने गरेको पाइएको छ । तैपनि वार्षिक लाखौंको संख्यामा श्रम बजारमा जीविका खोज्न जानेहरूलाई पार्टीहरूका समृद्धिका खोक्रा नाराले सम्बोधन गर्न नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी एउटा व्यक्ति र उसको परिवारको मात्र होइन, मुलुककै अर्थतन्त्रका लागि अनिवार्य नियति हो । यो नियति घट्ने होइन अझ बढ्ने निश्चित छ, त्यसैले परम्परागत गन्तव्य मुलुकसँग भए/गरेको श्रम सम्झौतालाई समयसापेक्ष बनाउने र अझ फराकिलो श्रम बजारको खोजी हामीले नचाहँदा नचाहँदै पनि नगरी नहुने आजको आवश्यकता हो । सायद श्रम मन्त्रालय यही निर्णयमा पुगेर हुन सक्छ, यसपालिको प्रतिवेदनमा श्रम आप्रवासन व्यवस्थापनको महत्त्वपूर्ण पक्षको सन्दर्भमा श्रम सम्झौताको नवीकरण, परिमार्जन र नयाँ गन्तव्य विस्तार गर्ने कुरालाई अलिक बढी ध्यान दिइएको देखिन्छ । यस क्रममा सन् २०१८ मा मलेसियासँग, सन् २०१९ मा संयुक्त अरब इमिरेट्ससँग गरिएका नवीकरण, सन् २००५ मा कतारसँग गरिएको श्रम सहमतिलाई समयसापेक्ष बनाउनका लागि सन् २०२१ को छैटौं संयुक्त बैठकमार्फत द्विपक्षीय छलफल, इजरायलसँग २०२० मा र गत वर्ष बेलायतसँग सुरु गरिएका श्रम आप्रवासन लक्षित संवाद पछिल्ला उदाहरण हुन् ।

प्रतिवेदनले औंल्याएका तत्काल सम्बोधन गर्नुपर्ने प्राथमिकता : वर्तमान नीतिगत खाकालाई एकीकृत आप्रवासन नीतिगत खाकामा रूपान्तरण गर्नु जरुरी छ । श्रम आप्रवासनमा देखिएको सबैभन्दा जटिल चुनौती तथ्यांक हो । आप्रवासनका तथ्यांकका स्रोतहरू मन्त्रालयहरू र तिनका विभिन्न तहमा छरिएका छन्, जसको संकलन, व्यवस्थापन र विश्लेषणमा न एकरूपता छ न नियमितता, न त विश्वसनीयता नै । मैले आफ्नो अनुसन्धानका क्रममा भोगेको प्रमुख चुनौती हो यो । यो प्रतिवेदनले पनि नेपालको श्रम आप्रवासनको प्रवृत्ति, प्रकृति, यसका बहुआयामिक पक्ष, कारण र परिणामसहित समग्र आप्रवासनको गहिराइ बुझ्नलाई भद्रगोल तथ्यांकले कठिन भएको औंल्याएको छ । यो चुनौती तत्काल सम्बोधन गर्नु जरुरी देखिन्छ र यसो गर्नका लागि पहिलो चरणमा श्रम आप्रवासनको सैद्धान्तिक पक्षको राजनीतिक तहमै बहस गरी जनप्रतिनिधिले प्रस्ट पार्नुपर्छ । किनकि कानुनी खाका र नीतिगत तहका संरचनाहरू तय गर्दा श्रम आप्रवासन के हो र के होइन भन्ने सैद्धान्तिक प्रस्टताले मात्र यस प्रक्रियाभित्रका चुनौती र सम्भावनालाई बुझ्न र सम्बोधन गर्न सकिन्छ । वर्तमान टुक्रे कानुनी र नीतिगत प्रावधान नै वास्तवमा श्रम आप्रवासन व्यवस्थापनको अर्को प्रमुख चुनौती हो । यसले न विश्वनीय तथ्यांक दिन्छ न हाम्रा दूतावासहरूलाई श्रमिकको संरक्षणको सन्दर्भमा जिम्मेवार बनाउँछ, न गृहले विमानस्थलबाट महिला श्रमिकलाई रोक्न छोड्छ, न महिला श्रमिकहरू मानव तस्करको पछि लाग्नुपर्ने बाध्यताको अन्त्य हुन्छ, न त महिला श्रम आप्रवासीका हकमा श्रम मन्त्रालय र महिला मन्त्रालय सहकार्य नै गर्न इच्छुक हुन्छन् ।

उसो त, महिला आप्रवासीका सन्दर्भमा प्रशासनिकभन्दा पनि राजनीतिक लैंगिक संकीर्णता नै वर्षौंदेखि चुनौतीको रूपमा छ, त्यसलाई सम्बोधन गर्न राजनीतिक तहमै श्रम आप्रवासनको सैद्धान्तिक बहस चलाउनु जरुरी छ ।

बाँकी पृष्ठ-३ मा....

सरकारका १०० दिन :

# कुर्सीमा टिक्न सबैलाई रिझाउने प्रधानमन्त्री

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' हिजोआज हरेक दिनजसो एउटा वाक्य दोहोऱ्याइरहन्छन् : यो सरकार पाँचै वर्ष टिक्छ । यो सरकार ढलिहाल्दैन, आदित्यादि । भर्खरै बनेको सरकार ढलिहाल्नु नपर्ने पनि हो । तर प्रधानमन्त्रीले नै हरेक दिन एउटै रटना लगाइराख्दा स्वतः नागरिकको मनमा प्रश्न आउँछ, के यो सरकार कुनै पनि बेला ढल्न सक्छ ?

यिनै प्रश्नहरूको जवाफ दिंदादिंदै, अनि जसरी पनि सरकारमा टिक्नका लागि सम्झौता गर्दागर्दै प्रधानमन्त्री प्रचण्डका १०० दिन बितेका छन् । सबैको जानकारीमै छ, यसै बीचमा उनले आफूलाई टिकाउनकै लागि समीकरण समेत बदले । प्रधानमन्त्री बनेको दुई सातापछि प्रचण्डले २६ पुसमा प्रतिनिधिसभाबाट विश्वासको मत लिए । त्यस दिन उनले आफूमा केही गर्ने हुटहुटी रहेको भन्दै अघिल्लो दुई कार्यकाल भन्दा फरक ढंगले काम गर्ने र नतिजा देखाउन प्रतिबद्धता जनाए ।

'जनताको हामीमाथिको समर्थन सशर्त मात्रै छ । हीनभावनाको ठाउँमा आशा र आत्मविश्वास जगाउनु छ । ' म एउटा परीक्षा दिन चाहन्छु । हिजो सुरु गर्दा मसँग जुन आवेग थियो, बीचमा केही अल्मलिएजस्तो देखिए पनि आज त्यही आवेग र अठोटका साथमा म यो रोष्ट्रममा उभिएको छु ।

तेस्रोपटक प्रधानमन्त्रीको नाम लेखाउन वा सिंहदरबारमा अर्को कार्यकालको फोटो झुण्ड्याउन मात्रै म यहाँ उभिएको पटक्कै होइन । म विश्वास दिलाउँछु, हरेक पटक संसदमा उपलब्धिको डाटा र रिपोर्ट कार्डका साथ उपस्थित हुनेछु । मलाई विश्वासको मत दिएमा संसदका हरेक माननीय सदस्यहरूले गर्व गर्ने वातावरण बनाउनेछु ।'

प्रधानमन्त्री प्रचण्डले पद सम्हालेको १०० दिन पुग्दा समेत सरकारलाई पूर्णता दिन सकेनन्, आफ्ना प्रतिबद्धता कार्यान्वयन त टाढाको कुरा भयो । आकस्मिक रूपमा फेरिएको राजनीतिक समीकरणका कारण काम अघि बढाउन नसकेको भनेपछि सामान्य र राजनीतिक सहमति विना अघि बढ्ने काम समेत हुन सकेनन् । प्रधानमन्त्रीले सरकार गठनलगत्तै तीन ठाउँबाट सुधारको प्रतिबद्धता जनाएका थिए ।

पहिलो, सत्तारुढ दलहरूको न्यूनतम साझा कार्यक्रममा तत्काल र दीर्घकालमा गर्न सकिने सुधारका कामहरू समावेश थियो । दोस्रो, सरकारका सचिवहरूलाई निर्देशनहरू दिंदै सरकारले गर्नुपर्ने सुधारका कार्यक्रमहरूको फेहरिस्त तयार गरेका थिए । तेस्रो, प्रतिनिधिसभामा २६ पुसमा विश्वासको मत लिंदै आफ्नो सरकारका प्राथमिकताहरू सार्वजनिक गरेका थिए ।

प्रचण्ड आफैंले पहिलो मन्त्रिपरिषदबाट गरेका निर्णय समेत कार्यान्वयन गर्न सकेनन् । सेवाग्राहीको चाप हुने केही सीमित कार्यालयको भीड व्यवस्थापन गरेर सत्तारोहणका प्रारम्भिक दिन कटाए । सरकार गठन भएलगत्तै एक महिनाभित्र सम्पन्न गर्ने भनिएका आधारभूत सुधारका काम समेत तीन महिनामा हुन सकेनन् ।

**न टिम, न प्राथमिकता**

सरकारको हनिमुन अवधि सकिनै लाग्दा प्रधानमन्त्री प्रचण्डले आफ्नो 'कोर टिम' बनाउन चुकेका छन् । तीन महिनाको अवधिमा उनले माओवादी केन्द्रका नेता हरिबोल गजुरेललाई मुख्य राजनीतिक सल्लाहकार बनाउने बाहेक भरपर्दो टिम र विज्ञ समूह गठन गर्न सकेनन् ।

परिवारका सदस्य र केही कार्यकर्ताको सचिवालयको भरमा दैनिक कार्यतालिका बनाउनु र त्यसैअनुसार चल्नु उनको दिनचर्या भएको छ । राज्यसत्ता चलाउन कस्तो निर्णय लिने, समसामयिक समस्यासँग कसरी जुध्ने लगायत विषयमा परामर्श गर्न उनीसँग विज्ञ र विशेषज्ञ टिमको अभाव रह्यो ।

पद सम्हालेपछि 'प्रधानमन्त्री कार्यालयको पुनर्संरचना गर्ने' घोषणा गरेका प्रधानमन्त्री प्रचण्डले तीन महिनासम्म त्यो कार्यालयलाई तदर्थमै चलाइरहेका छन् । न त अहिलेसम्म प्रधानमन्त्री कार्यालयको पुनर्संरचनाबारे अध्ययन सकिएको छ, न दक्षता र क्षमता अनुसार नै कर्मचारी व्यवस्थापन भएका छन् ।

'प्रधानमन्त्री कार्यालयमा रहने कुनै पनि कर्मचारी किन र केका लागि त्यहाँ छ भन्नेबारेमा प्रधानमन्त्री स्पष्ट हुनुपर्छ । उहाँसँग न विज्ञ टोली छ, न कर्मचारीको टिम' एक बहालवाला सचिव भन्छन्, 'पद नपाउँदासम्म सत्तामा जान हुटहुटी हुने, पदमा पुगेपछि सामान्य दैनिकीमै रमाउन खोज्ने उहाँको कार्यशैली यसपालि पनि छुटेको छैन ।'




विश्वव्यापी रूपमा देखापरेको आर्थिक संकटको बाछिटा नेपालमा आइपुग्दा प्रधानमन्त्री बनेका प्रचण्डसामू केही प्रमुख चुनौती छन् । भर्खरै सम्पन्न निर्वाचन मार्फत पुराना दल र नेतृत्वप्रति व्यक्त भएको असन्तुष्टि हटाई जनजीविकाको कठिनाइलाई सम्बोधन गर्ने र केही भए पनि सुधारको काम गरेको सन्देश प्रवाह गर्नुपर्ने चुनौती थियो ।

कोभिडका कारण संकटमा परेको उद्योग-व्यवसायको पुनरुत्थान, पर्यटन क्षेत्रको सुधार, संघीयता कार्यान्वयन एवं अनुत्पादक खर्च नियन्त्रण लगायतमा सरकार केन्द्रित हुनुपर्ने थियो । यो अवधिमा सरकारले न आफ्नो प्राथमिकता निर्धारण गर्न सक्यो, न मुलुकको जल्दोबल्दो समस्यालाई केन्द्रमा राखेर समाधानतिर अग्रसर भयो ।

पूर्वमहान्यायाधिवक्ता एवं एमाले नेता अग्नि खरेल अहिले प्रधानमन्त्री प्रचण्डसँग कुनै एजेण्डा र विषय नै नभएको आरोप लगाउँछन् । '३२ जना सांसद भएको तेस्रो दलले सत्ता सम्हालेको छ । सरकार कसरी टिकाउने भन्नेमा मात्रै प्रधानमन्त्री प्रचण्डको ध्यान केन्द्रित छ' एमाले पोलिटब्यूरो सदस्य समेत रहेका खरेल भन्छन्, 'कसले कहाँबाट पद खुस्काउला भन्ने त्रासले सत्ता जोगाउन सारा सम्झौता गर्नु परेपछि सरकारले कसरी नतिजामुखी काम गर्न सक्छ ?'

**घोषणा गर्ने, काम नगर्ने**

सरकार बनेलगत्तै सत्तारुढ दलहरूले सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रममा 'नेपालीका सन्तानले नागरिकता नपाउने अवस्थाको अन्त्य गर्ने' घोषणा मात्रै गरेनन्, संसद अधिवेशनबाट तत्काल नागरिकता सम्बन्धी समस्या समाधान गर्ने समयसीमा समेत आफैंले तोके ।

अहिलेसम्म नागरिकता विधेयकबाट सरकारले कुनै गृहकार्य थालेको छैन । राष्ट्रपति कार्यालयमा पुगेको पुरानो विधेयक नै प्रमाणीकरणका लागि अघि बढाउने कि फेरि संसदमा नयाँ विधेयक लैजाने भन्नेबारे समेत सरकारले स्पष्ट दृष्टिकोण तय गरेको छैन । सरकारले महत्व दिएको र प्राथमिकतामा राखेको एजेण्डा नै अहिलेसम्म अलपत्र छ ।

सरकारले सरोकारवालासँग छलफल नै नगरी न्यायपालिकाको संरचनागत परिवर्तन र सुधारका नाममा उच्चस्तरीय आयोग गठन गर्ने घोषणा अलपत्र छ । करिब एक वर्षदेखि न्यायपालिका नेतृत्वविहीन हुँदा संवैधानिक परिषद् सम्बन्धी विधेयकलाई प्राथमिकताका साथ अघि बढाउन सरकार चुकेको देखिन्छ । त्यससम्बन्धी कुनै काम अघि बढ्न सकेको छैन । नागरिक प्रशासन र सुरक्षा निकायलाई उत्तरदायी बनाउन उच्चस्तरीय कार्यदल गठनको घोषणा त्यस्तै अलपत्र छ । प्रशासनिक सुधारका लागि गठन गर्ने भनिएको अर्को आयोगका बारेमा पनि कुनै निर्णय भएको छैन । काम देखाउन सरकार गठन भएलगत्तै चारवटा महत्वपूर्ण आयोग गठनको घोषणा भएको थियो ।

सरकारले कम्तीमा एक दर्जन नयाँ कानुनको मस्यौदा गर्ने र संसदको पहिलो अधिवेशनमा पेश गर्ने घोषणा भएको थियो । सम्पत्ति शुद्धीकरण, संवैधानिक परिषद् र संक्रमणकालीन न्याय सम्बन्धी बाहेक अरू विधेयक संसदमा पेश भएको छैन । संसदलाई बिजनेस दिन चुकेको सरकारले यीमध्ये दुई विधेयक समेत बाध्यकारी अवस्थामा अघि बढाएको थियो । गैरकानुनी धनआर्जनमा नेपालको असफलतामाथि प्रश्न उठेपछि सम्पत्ति शुद्धीकरण सम्बन्धी कानुनी संशोधन गर्न खोजिएको थियो । सर्वोच्च अदालतको आदेशले भस्किएका सत्तारुढ माओवादी नेतृत्वको सरकारले संक्रमणकालीन न्यायको विधेयक अघि बढाएका हुन् । आफूहरूसँग कुनै छलफल नगरी तयारी विना विधेयक अघि बढाइएको भन्दै द्वन्द्वपीडितहरूले विधेयकमा आपत्ति जनाएका छन् ।

दर्जनभन्दा बढी कानुन अघि बढाउने घोषणा गरेको सरकारले त्यसमा तदारुकता नदिंदा मुलुकको संघीयता कार्यान्वयनका कैयौं एजेण्डा अलपत्र परेका छन् । संघीय निजामती सेवा ऐन, शिक्षा सेवा ऐन बन्न नसक्दा संघीयता कार्यान्वयनमा समस्या त छ नै । एक अर्को तहका सरकार हरूबीच अनावश्यक मतभिन्नता र द्वन्द्वसमेत बढेको छ । त्यसैगरी जनजीविका सुधारसँग सरोकार राख्ने कानुन निर्माणको घोषणा पनि त्यसैगरी अलपत्र बन्यो ।

प्रधानमन्त्री प्रचण्डले सरकार घोषणा भएलगत्तै भ्रष्टाचार नियन्त्रण र सुशासनको घोषणा गरे । तर उनले आधारभूत रूपमा समेत त्यसको पालना गर्नु जरूरी देखेनन् । यसअघिका कैयौं प्रधानमन्त्रीले पद सम्हालेपछि सम्पत्ति विवरण सार्वजनिक गर्दै आएकोमा प्रचण्डले त्यतापट्टि रुचि देखाएनन् । आफ्नो सबै सम्पत्ति पार्टीलाई दिएको र भाडाको घरमा बसेको बताउने उनले सम्पत्ति विवरण पेश गरेर कानुनी बाध्यता मात्रै टारे, पारदर्शितामा आक्रामक देखिएनन् ।

तीन महिनामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको राष्ट्रिय सतर्कता केन्द्रको बैठक बसेको छैन । सार्वजनिक खरिद अनुगमन कार्यालय, नेपाल ट्रष्टको कार्यालय चित्त नबुझेका कर्मचारी थन्क्याउने थलो बनेका छन् । मुलुकका वित्तीय अपराध र अर्थतन्त्रलाई खोक्रो बनाउने क्रियाकलाप नियन्त्रणका लागि स्थापित राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग जस्ता निकायहरूमा प्रधानमन्त्रीले कर्मचारीहरू माझ आत्मविश्वास भर्न सकेका छैनन् ।

'बिचौलियाले मुलुकमा अहिलेको जस्तो अन्योल खोजिरहेका हुन्छन् । यस्तै धमिलो अवस्था उनीहरूका लागि उपयुक्त अवसर हो' अर्थशास्त्री केशव आचार्य भन्छन्, 'यस्तैमा राजनीतिकर्मीहरूलाई प्रयोग गरेर अनौपचारिक अर्थतन्त्रमा खेल्न पाउँछन् । राजस्व अनुसन्धान र सम्पत्ति शुद्धीकरणको अनुसन्धान निष्प्रभावी हुन्छन् । अहिले त्यस्तै अवस्था छ ।'

**संरचनागत सुधारमा छैन ध्यान**

प्रधानमन्त्री प्रचण्डले मुलुकको राजनीति जस्तै अस्थिर देखिएको प्रशासन संयन्त्रलाई स्थायित्व र अभिभावकत्व दिन चुकेका छन् । कर्मचारीहरूको चरम अभाव भोगेका स्थानीय र प्रदेश तहमा कर्मचारीको अभाव छ भने संघीय तहमा आवश्यक भन्दा बढी कर्मचारी छन् ।

प्रदेश र स्थानीय तहमा एक तिहाइ कर्मचारी रिक्त छन्, संघीय तहमा आवश्यकता भन्दा बढी दरबन्दी छ । सचिवहरूलाई यसबारेमा निर्देशन दिएका प्रधानमन्त्रीलाई सचिवहरूले नै निजामती लगायत कतिपय विधेयकमा राजनीतिक गाँठो रहेकाले फुकाइदिन आग्रह गरेका थिए, जुन अहिलेसम्म टुंगिएको छैन ।

स्थानीय तहलाई वित्तीय, प्रशासनिक तथा संगठनात्मक रूपमा सक्षम बनाउने घोषणा भए पनि त्यसको कार्यान्वयन हुन सकेन । आलंकारिक पदमा रहेका प्रदेश प्रमुखहरूसँग बैठक गर्न र फोटो खिचाउन समय निकाल्ने प्रधानमन्त्रीले अन्तरप्रदेश समन्वय परिषदलाई सक्रिय बनाउने, प्रादेशिक संरचनालाई थप क्रियाशील बनाउन नीतिगत व्यवस्थापन गर्ने काममा ध्यान दिएका छैनन् ।

मुलुकको स्थायी सरकार भनिने प्रशासन संयन्त्रलाई स्थिर र चलायमान बनाउने घोषणा गरेका प्रधानमन्त्री प्रचण्डले व्यवहारमा ठिक उल्टो गरे । तीन महिनामा मुलुकको कर्मचारीतन्त्र र प्रशासन संयन्त्रले स्थिरताको महसुस गर्न सकेन । तीन महिनामा एउटा सचिव दुई-तीन पटकसम्म सरुवा हुनपुगे । कतिपय सचिवहरूले शक्ति र पहुँचको आडमा एकपछि अर्को महत्वपूर्ण मन्त्रालय पाएका छन् ।

महत्वपूर्ण फाइल छानबिन अघि बढाएपछि सरकारले राजस्व अनुसन्धान विभागका महानिर्देशक मदन दाहाललाई हटायो । गत चुनावका बेलामा व्यापक भन्सार चुहावट भएको भनी सरकारी निकायले नै प्रतिवेदन दिएको थियो । त्यसका आधारमा थप छानबिन र कारबाही गर्नुपर्नेमा सरकारले राजस्व र भन्सार चुहावटमा संलग्न अधिकारीहरूलाई नै अहिले महत्वपूर्ण जिम्मेवारी दिएको छ ।

शुक्रबार मात्रै प्रधानमन्त्री प्रचण्डले मन्त्रिमण्डल विस्तारपछि सरकारको कामले गति लिने र इतिहासमा रेकर्ड बनाउने गरी काम हुने दाबी गरे । निजामती कर्मचारी संगठनको कार्यक्रममा उनले 'इतिहासमा गौरव गर्न सकिने केही काम गर्न खोजेको' बताए ।

सत्तारुढ दलहरूले यो तीन महिनामा राजनीतिक समीकरण फेरबदल भएकाले सरकारको कामले गति लिन नसकेको बताउँछन् । पूर्वमन्त्री समेत रहेका खरेल राजनीतिक समीकरणलाई देखाएर सरकारले काम गर्न नसकेको भनी बचाउ गर्न उचित नहुने बताउँछन् । उनी भन्छन्, 'जनताको सुविधा र उनीहरूले महसुस गर्ने गरी सुधार गर्न राजनीतिक समीकरण बाधक बन्दैन । सत्ता समीकरण फेरिएकाले काम गर्न सकिनँ भन्नुको अर्थ के हुन्छ ?'

**सम्बोधन नभएको जनजीविका**

एक वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने घोषणा गरेको सरकारले केही दिन अघिसम्म एक करोड १५ लाख नागरिकको अभिलेख संकलन गरेको थियो । तीमध्ये करिब ११ लाख परिचयपत्र मात्रै छापिएको छ । आजैदेखि मासिक ५ लाख कार्ड छाप्ने हो भने पनि सरकारले अहिलेसम्म फारम भरेका नागरिकलाई कार्ड बाँड्न डेढ वर्ष लाग्छ ।

हरेक कार्यालयमा सेवा लिंदा नागरिकले वैयक्तिक विवरण बुझाउनुपर्ने प्रणालीको अन्त्य गर्ने राष्ट्रिय परिचयपत्र लागू गर्ने भनी सरकारले गरेको घोषणा कार्यान्वयन भएको छैन । उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ नै गएर यातायात कार्यालयको स्थलगत निरीक्षण गरे पनि परीक्षा र लाइसेन्स वितरणमा नागरिकले राहत पाएका छैनन् । सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाट 'सरल र सहज सार्वजनिक सेवा'को घोषणासहित सेवा लिन भोग्नुपरेको लाइनको सास्तीबाट मुक्त गराउने भनेको थियो । त्यसमा केही हदसम्म सफल भएको देखिन्छ भने केहीमा सुधार हुनसकेको छैन । सरकारी सेवामा अनलाइन प्रणाली लागू गर्ने र तोकिएको समयमा सेवा दिन 'टाइम कार्ड' लागू गर्ने भनी गरेको घोषणा भने कार्यान्वयन हुनसकेन । जसको कार्यान्वयनका लागि ३ महिना लाग्ने थिएन ।

सरकारले महँगी, कालाबजारी, अखाद्य मिसावट हटाउने र सिण्डिकेट अन्त्य गर्ने घोषणा गरे पनि त्यसको कार्यान्वयन हुन सकेन । स्वास्थ्य सेवा लिन र बीमा बापतको भुक्तानीमा झन्झट हटाउने प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन हुनसकेन । अहिले पनि अस्पतालमा उपचारका लागि नाम दर्ता गर्न लाइन नै बस्नुपर्छ । सरकारी अस्पतालमा सामान्य अपरेशन गराउन ३-४ महिना कुर्नुपर्ने बेथितिको अन्त्य भएको छैन । सरकारी अस्पतालहरूमा भीड घटाउने र व्यवस्थित सेवा दिने घोषणा गरेका प्रधानमन्त्री प्रचण्डले राजधानीका ठूला अस्पतालको बेथिति र भद्रगोल हटाउन कुनै पहल गरेनन् ।

स्वास्थ्य क्षेत्रको सुधार हुन नसकेकोमा स्वास्थ्य मन्त्रीको आलोचना हुनुपर्ने हो, तर केही साता बाहेक प्रचण्डले नै स्वास्थ्य मन्त्रालय समेत सम्हालेकोले बेथितिको प्रत्यक्ष अपजस पनि उनैले पाउनेछन् । स्वरोजगार, उद्यमशीलता र प्राविधिक तालिमका विषय उठाए पनि सत्ता साझेदारी र दलीय समीकरणले खासै अर्थ नराख्ने यस्ता विषयलाई सरकारले ध्यान दिन सकेन । वैदेशिक रोजगारमा गएर ठगिएकाहरूले न्याय पाउन अहिले पनि अनेक सास्ती झेल्नुपर्छ । गत बजेटमा नै कम्पनीहरू मार्फत जग्गाको किनबेचको घोषणा भए पनि अहिलेसम्म त्यसको कार्यान्वयन हुनसकेको छैन ।

शिक्षा क्षेत्रमा गरेको लगानी र सुधारको प्रयासको तत्काल प्रतिफल आउँदैन । प्रधानमन्त्री प्रचण्डले समयमा पाठ्यपुस्तक छपाउन जनक शिक्षा सामग्री केन्द्रका अधिकारीहरूसँग छलफल गरे, तर अरू नीतिगत विषय देखेनन् । विषयगत शिक्षकको अभाव, विद्यार्थी व्यवस्थापन र विद्यालय गाभ्नुपर्ने मुद्दा लगायतमा उनी बेपर्वाह देखिएन । विश्वविद्यालयहरूमा देखिएको समस्या सम्बोधन गर्ने भने पनि हरेकजसो विश्वविद्यालयको समस्यामा जानकार प्रधानमन्त्री अरू नै विषयमा अल्मलिए । प्रधानमन्त्री स्वयंले मिटरब्याज पीडितको समस्या भयावह छ भनी सचिवहरूलाई सतर्क गराए पनि उनीहरू बर्दिबास देखि हिंडेर काठमाडौं आउँदासम्म सरकारको ध्यान तानिएन । यसअघि नै गृह मन्त्रालयले यसबारेमा समिति गठन गरेर मिटरब्याज पीडितहरूका बारेमा अध्ययन गराइसकेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'बहाव' हेर्दा थाइल्यान्ड घुम्ने मौका



काठमाडौं/चैत २४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बहाव'प्रति दर्शकलाई आकर्षित गर्न एउटा आकर्षक योजना अगाडि सारिएको छ । फिल्मको टिकटमा 'थाइल्यान्ड प्याकेज टुर'को अफर सार्वजनिक गरिएको हो । उक्त प्याकेजमा एक जोडीलाई दुईतर्फी हवाई भाडा र तीनतारे होटलमा बसाईसहितको चार रात, पाँच दिनको टुर समावेश रहेको निर्माता श्रीधर पौडेलले जानकारी दिए ।

पुरस्कार जित्नका लागि फिल्मको टिकट डिजिटल वालेट खल्ती एपमार्फत काट्नुपर्ने र खल्ती एप प्रयोगकर्ताको एकाउन्ट केवाइसी (पहिचान) प्रमाणित भएको हुनुपर्ने सर्त राखिएको छ । गोला प्रथाबाट छानिने थाइल्यान्ड टुरको जिम्मा एमडी होलिडेजले लिएको छ । त्यस्तै, खल्ती एपबाट टिकट काट्दा 'बहाव' प्रोमो कोड प्रयोग गरेर १० प्रतिशतसम्म पैसा समेत फिर्ता पाउने बताइएको छ ।

खल्तीकी मार्केटिङ प्रतिनिधि अमृता श्रेष्ठले 'बहाव'को प्रमोसनको हिस्सा बन्न पाएकोमा खुसी व्यक्त गरिन् । आगामी दिनमा पनि खल्तीले यस्ता कार्यक्रमलाई बढवा दिने बताउँदै उनले खल्ती प्रयोगकर्ताका लागि थाइल्यान्ड भ्रमण अहिलेसम्मकै ठूलो पुरस्कार राशी रहेको बताइन् । त्यस्तै, एमडी होलिडेजकी प्रमुख प्रतिनिधि विनिता त्वयनाले विजेतालाई उत्कृष्ट सेवा प्रदान गर्ने वाचा गरिन् ।

प्रमोद कँडेलको लेखन तथा निर्देशन रहेको 'बहाव'मा सुरक्षा पन्त, कमलमणि नेपाल, अफरान अली, इश्वरी सिंह, हीरालाल कँडेल, सुर्य शर्मा भट्ट, पवन श्रेष्ठको अभिनय छ । फिलममा सुजन बडालको सम्पादन, वसन्त सापकोटा, सुशान्त गौतम र रिकेश गुरुङको संगीत, अनन्त घिमिरेको कलर करेक्सन, मुकेश शाहको साउन्ड डिजाइन/मिक्सिङ र कार्तिकेय स्मिता कर्नाटकको छायांकन छ ।

# कमाईमा 'भोला'भन्दा 'दसरा' अगाडि

एजेन्सी, मुम्बई/यही शुक्रबार बलिउडबाट अजय देवगन अभिनीत 'भोला' र साउथबाट नानीको 'दसरा'बीच बक्सअफिसमा भिडन्त भएको थियो । बलिउड र साउथबीच एकखालको शितयुद्ध चलिरहेको समयमा एकसाथ प्रदर्शनमा आएका यी दुई फिल्मको व्यापारलाई लिएर दुवै इन्डस्ट्रीमा चासो थियो । यो 'हेभीवेट' भिडन्तमा 'भोला'भन्दा 'दसरा' प्रतिक्रिया तथा व्यापारिक दुवै रुपमा बलियो देखिएको छ ।

'भोला'ले प्रदर्शनको तीन दिनमा ३० करोड ७० लाखको कमाई गरेको जानकारी ट्रेड एनालिस्ट तरण आदर्शले सामाजिक सञ्जालमा गराएका छन् । ११ करोड २० लाखको ओपनिङ गरेको फिल्मले दोस्रो दिन ७ करोड ४० लाख र तेस्रो दिन १२ करोड १० लाखको कमाई गरेको छ । आइतबार भारतमा विदा भएकाले चौंथो दिन फिल्मको व्यापार १५ करोड आसपास हुने अनुमान गरिएको छ ।

'भोला'ले तीन दिनमा ३० करोड ग्रस कलेक्सन गर्दा पेन इन्डिया फिल्म 'दसरा'ले तीन दिनमा ७१ करोड कमाई गरेको टाइम्स अफ इन्डियाले उल्लेख गरेको छ । यो विश्वभरको कमाई हो । यसमा भारतबाट ४५ करोड बढीको योगदान छ । हिन्दी भर्सनमा भने फिल्मको कमाई दयनीय छ । तीन दिनमा फिल्मको हिन्दी भर्सनले १ करोड ६१ लाख कमाएको भारतीय मिडियामा उल्लेख छ ।

'भोला'लाई अजय देवगन स्वयंले नै निर्देशन गरेका हुन् । फिल्ममा उनका साथै तब्बू, दीपक डोबरियाल, सञ्जय मिश्रा, अमला पल, गजराज राव आदिको अभिनय छ । यो साउथ फिल्म 'कैथी'को हिन्दी रिमेक हो । त्यस्तै, श्रीकान्त उडेलाद्वारा निर्देशित 'दसरा'मा नानीका साथै कीर्ति सुरेश, समुथिराकानी, प्रकाश राज, राजेन्द्र, प्रसाद, रोशन माथे, साइ कुमार लगायतको पनि मुख्य भूमिका छ ।

# श्रम आप्रवासनका...

टुक्रे कानुनी र नीतिगत प्रावधानका चुनौती बुझ्न वैदेशिक रोजगार ऐन-२०६४, वैदेशिक रोजगार नीति-२०६८, श्रम ऐन-२०७४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन- २०६४ बीचका खाडलहरू हेरे पुग्छ । मानव बेचबिखन बृहत् श्रम आप्रवासनभित्रको एउटा पाटो हो तर न ती कानुनी खाकाहरू घरेलु तहमा समन्यात्मक छन्, न त नेपालले प्रतिबद्धता जनाएका आप्रवासन व्यवस्थापन, मानव बेचबिखनविरुद्धका अभिसन्धि र सामाजिक न्याय सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डसँग मेल नै खान्छन् । तसर्थ श्रम आप्रवासनसँग जोडिएका राज्यका संघीय, प्रादेशिक र स्थानीय तहका सबै निकायजस्तो गृह, महिला, परराष्ट्र, श्रम, बैंकिङ र बिमा क्षेत्र, न्यायिक निकाय, योजना आयोग, स्वास्थ्य, शिक्षा लगायतलाई समेट्ने एकीकृत आप्रवासनको नीतिगत खाका हुनुपर्ने कुरा प्रतिवेदनले प्रस्टसँग बोलेको छ ।

वास्तवमा यो प्रतिवेदनको सार मर्म नै टुक्रे नीतिगत खाका र छरिएर रहेका निकायहरूबीचको अन्तरसम्बन्धलाई एउटा बृहत् दायराले समेट्ने गरी श्रम आप्रवासनको व्यवस्थापन नगदी विप्रेषणकेन्द्रित रणनीतिभन्दा माथि उठी आप्रवासी श्रमिकको सामाजिक न्याय प्रत्याभूति गर्दै उसले आर्जन गरेको आर्थिक, सामाजिक, सांस्कृतिक विप्रेषण, सीप, अनुभवजन्य पुँजीलाई मुलुकको समृद्धिमा जोड्न सहयोगी हुने खालका समयसापेक्ष राष्ट्रिय दृष्टिकोण बनाउनु भन्ने बुझिन्छ । जुन कुरा एकीकृत आप्रवासन नीतिगत खाकाले मात्रै सम्भव हुन्छ र यो मर्मलाई व्यवहारमा रूपान्तरण गर्न घरेलु र बाह्य साझेदारको जरुरी पर्छ नै । सबैभन्दा बढी मुलुकको राजनीतिक नेतृत्वको साथ र समझदारी जरुरी छ ।

वैदेशिक रोजगार व्यवसायलाई सामाजिक न्यायसँग जोड्नुपर्ने : नीतिगत पक्ष व्यवस्थापिका-संसद् र मन्त्रालयको राजनीतिक नेतृत्वको सहकार्यको दायराभित्रका हुन् भने संरचनागत सुधार, तिनको कार्य व्यवस्थापन, अनुगमन मन्त्रालयको प्रशासनिक नेतृत्वको दायित्व, जसमा वैदेशिक रोजगार व्यवसायीको अनुगमन पनि पर्छ । उता वैदेशिक रोजगार व्यवसायीको अनुगमन र व्यवस्थापनका चुनौती सिधै गएर राजनीतिक पार्टीहरूसँग ठोक्किन्छन् । अहिलेको प्रशासनिक नेतृत्वको श्रम आप्रवासनप्रतिको सैद्धान्तिक प्रस्टता र उसको सुधार प्रतिको गतिशीलता हेर्दा मन्त्रालयको आफ्नो दायित्वको सन्दर्भमा शंका गरिहाल्नुपर्ने देखिन्न । तर राजनीतिक पार्टीहरूका भ्रातृ संगठनका रूपमा रहेका वैदेशिक रोजगार व्यवसायीहरूको अनुगमनचाहिँ मन्त्रालयको प्रशासनिक नेतृत्वको प्रमुख चुनौतीमध्ये पर्छ । प्रतिवेदनले प्रस्ट रूपमै यो यथार्थता बोलेको मात्र होइन, नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मापदण्डका आधारमा वैदेशिक रोजगार व्यवसायलाई मानव तस्करी होइन, व्यवसायकै नैतिक धरातल र सामाजिक न्यायको अवधारणामा रूपान्तरण गर्नेतिर जानुपर्ने भनेर कूटनीतिक शैलीमा उचित उपाय पनि सुझाएको छ ।

तेर्सो र ठाडो समन्वयको खोजी : प्रतिवेदनले टुक्रे नीति, छरिएका तथ्यांक र निकायहरूले आ-आफ्नै तरिकाले श्रम आप्रवासनलाई व्यवस्थापन गर्ने गर्दा आप्रवासीलाई हैरानी र व्यवस्थापनको जिम्मेवारीमा रहेकालाई अन्योल भएको ठम्याइरहेको प्रस्ट पार्छ । त्यसैले विभिन्न तहमा सरोकारवालाबीच तेर्सो र ठाडो समन्वयको आवश्यकतामा जोड दिएको छ ।

सरोकारवालाहरूबीच बृहत् साझेदारी हुनुपर्ने, सामाजिक न्याय र संरक्षणलाई श्रम आप्रवासनको प्रक्रियामा मूलप्रवाहीकरण गर्नुपर्ने, दूतावासहरूको भूमिकालाई आप्रवासीमैत्री बनाउनुपर्ने, विद्युतीय प्रणालीलाई प्रवर्द्धन गरी श्रम आप्रवासन रोज्नेलाई श्रम स्वीकृति लगायतका जानकारीमूलक सूचना र आवश्यक सेवा प्रदेश तथा स्थानीय तहसम्म विकेन्द्रीकृत रूपमा सहजीकरण गर्दै लानेजस्ता अग्रगामी तर महत्त्वाकांक्षी लक्ष्यलाई सैद्धान्तिक रूपमा आत्मसात् गरेको छ । आशा गरौं, प्रतिवेदनले उठाएका पक्षहरूमा सरकार, राजनीतिक पार्टीहरू र नेपालको श्रम आप्रवासन व्यवस्थापनमा साझेदारी गर्न भनी करोडौं अनुदान लिएर बसेका सरोकारवालाहरूले आफू पनि समयसापेक्ष भई तालुकदार मन्त्रालयलाई सघाउनेछन् ।

*(साभार: ई-कान्तिपुर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक
वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# एउटै विद्यालयमा ३८ वर्ष पढाएका सिंहलाई चेलाहरुको विदाइ

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/थाहा नगरपालिका वडा नम्बर ३ को जनकल्याण माध्यमिक विद्यालयका शिक्षक नरेन्द्रप्रसाद सिंहको विदाई भएको छ ।

३८ वर्ष एउटै विद्यालयमा निजी श्रोतबाट अध्यापन गरेर उनी विदाई भएका हुन् । उनका चेलाहरुले एक कार्यक्रमको आयोजना गरी विदाई गरेका छन् । ५ चैतमा विद्यालयबाट अवकाश पाएका सिंहलाई पूर्वविद्यार्थीहरुले भावविह्वल हुँदै बिदाई गरे । करिब ४ दशकदेखि अध्यापन गराएका सिंह अब आफ्नै जन्मथलो फर्कदै छन् । पूर्वविद्यार्थी यादवजंग रायमाझीले शिक्षकले जीवनमा सम्मानबाहेक अरु केही नपाउने भएकाले शिक्षकको सम्मानजनक बिदाइको सुरुवात जनकल्याण माविका पूर्वविद्यार्थीहरुको समूहले गरेको बताए । शिक्षकलाई सम्मान गर्ने परिपाटीको विकास गर्न बिदाई गरिएको र यो परम्परालाई निरन्तरता दिने कार्यक्रमका संयोजक समेत रहेका रायमाझीको भनाई थियो ।

बिदाई हुँदै शिक्षक सिंहले विद्यालय र त्यहाँ अध्ययन गरेका आफ्ना चेलाहरुलाई कहीं गएपनि विर्सन नसक्ने बताए । 'आफ्नो विद्यार्थीले गरेको प्रगति सुन्दा धेरै खुशी लाग्छ ।', उनले सुनाए । जनकल्याणले शिक्षकको क्षमता वृद्धि र उत्प्रेरणामूलक कार्यमा गरेको सहयोग, वर्तमान तथा विद्यार्थी पूर्वविद्यार्थी र यहाँका स्थानीयले दिने माया, सम्मान र आदरले जुनसुकै ठाउँमा गएर पनि शीर ठाडो गर्न सकिने परिस्थिति सिर्जना गरेको शिक्षक सिंहले बताए । उनलाई सम्मानसहित बिदाई गर्दै विद्यालय



व्यवस्थापन समिति अध्यक्ष राजीव कुमार स्याङ्तानले शिक्षक सिंहको योगदानको उच्च प्रशंसा गरे । उनले आगामी सेवानिबृत्त जीवन सफलताको शुभकामना व्यक्त गरेका छन् ।

जनकल्याण माध्यमिक विद्यालयको शैक्षिक उन्नति र प्रगतिका लागि अवकाश प्राप्त शिक्षक सिंहबाट आगामी दिनमा पनि सुमधुर सम्बन्धको अपेक्षा गर्दै प्रधानाध्यापक सानोभाइ कार्कीले सिंहको योगदानप्रति विद्यालय सदैव ऋणी रहने बताए । जनकल्याण एल्मुनाइ एसोसिएसनका अध्यक्ष नीरन्जन अधिकारीले शिक्षकको पेशा शिक्षण घडीको टिकटिकमा हिँडेको बताए । मिनेटको हिसाब हुन्छ, मूल्यवान ज्ञान, सीप र विचार पहिचान गर्न सिकाउने पेसा शिक्षकको हुने औंल्याउँदै शिक्षाका लागि शिक्षक, विद्यार्थी र अभिभावकको तादाम्यता हुनुपर्नेमा जोड दिए । अध्यक्ष अधिकारीले शिक्षण पेसामा उत्प्रेरणा, प्रतिवद्धता र समर्पणको साथै व्यवहारिक ज्ञान, सीप र कलाको पनि उत्तिकै खाँचो पर्ने बताउँदै भने-'त्यस्तो ज्ञान, सीप, सिंह सरले थाहाको माटोमा रोपेर जानुभयो, हाम्रो अमिट सम्झना रहन्छ ।',

कार्यक्रमका प्रमुख अतिथि तथा पूर्वविद्यार्थी समेत रहेका थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले असल शिक्षक बन्न हेड (माइन्ड), हार्ट (मन) र ह्यान्डको समायोजन हुनुपर्नेमा त्यो गुण सिंह सरमा भएको बताए । साझा मान्यतामा प्रभावित उपप्रमुख गोपालीले शिक्षक सिंहको योगदानको चर्चा गरे । हरेक विषय वा पाठमा मानवीय मूल्य समावेश गरेर पढाउने स्वभाव र मिहेनत शिक्षक सिंहमा भएको उल्लेख गरे । थाहानगर र जनकल्याण माविको शैक्षिक इतिहासमा सिंह एक अविस्मरणीय व्यक्ति रहने बताउँदै गोपालीले दामन पालुङको भूमि र जनकल्याण माविमा पढ्नेहरुले सिंह सरलाई सधैं सम्झिर हने उल्लेख गर्दै शिक्षक सिंहको सेवानिवृत्त जीवन सुखमयको कामना गरे । शिक्षक सिंहलाई पूर्वविद्यार्थी समूह तथा थाहा नगरपालिका वडा नम्बर ३ को कार्यालयले ताम्रपत्र तथा दोसल्ला ओडाएर सम्मान गरेको थियो ।

# तेस्रो कार्यकालका लागि पनि गौतम सर्बसम्मत



साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ मकवानपुरको मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविको आइबार सम्पन्न अभिभावक भेलाले माधब गौतमलाई विद्यालय ब्यवस्थापन समितिको अध्यक्षमा चयन गरेको छ । तेस्रो कार्यकालका लागि गौतमलाई अध्यक्ष चयन गरेको हो । भेलामा सहभागी बक्ताहरुले गौतमको नेतृत्वले विद्यालयको मुहार फेरिएको र अझै केही कार्यहरु अधुरा रहेकोले पुन: गौतमलाई नै नेतृत्वको जिम्मा दिन सुझाएका थिए ।

समितिका सदस्यहरुमा मंगलबहादुर मोक्तान, मुकुन्द सुबेदी, सीता नेपाली, बिष्णुमाया बल, कल्पना कार्की, शिक्षक प्रतिनिधि मनोज चौलागाईं चयन भएका छन् । मनहरी गाउँपालिका शिक्षा प्रमुख हरिचन्द्र सापकोटा, बिब्यस पूर्वअध्यक्ष पवन खड्कालगायतले विब्यस चयनमा सहजीकरण गरेका थिए । दुई कार्यकाल विब्यस अध्यक्षको नेतृत्व गर्दा गौतम अभिभावक, विद्यार्थी र शिक्षकका बीचमा लोकप्रिय बनेका थिए । त्यसैले तेस्रो कार्यकालका लागि पनि गौतम सर्बसम्मत भएका हुन् ।

गौतमले ब्यवस्थापन समितिमा रहेर राम्रो काम गरेको भन्दै मनहरी गाउँपालिकाले गाउँ शिक्षा समितिको सदस्यमा मनोनित गरेको थियो । विब्यस अध्यक्षहरुको तर्फबाट गौतमले गाउँ शिक्षा समितिमा प्रतिनिधित्व गरिरहेका छन् । स्रोत साधनको अभावमा पनि विद्यालय ब्यवस्थापन समितिमा रहेर उत्कृष्ठ काम गरेको भन्दै यसअघि बागमती प्रदेश सरकारले गौतमलाई गतबर्ष प्रदेशदीप प्रदान गरेको थियो । तत्कालीन मुख्यमन्त्री राजेन्द्र पाण्डेले प्रदेशदीप प्रदान गरेका थिए ।

यसअघि भेलालाई सम्बोधन गर्दै बागमती प्रदेशसभा सदस्य तथा नेपाली कांग्रेस बागमती प्रदेश समितिका सभापति ईन्द्रबहादुर बानियाँले पशुपतिनाथ माविको भौतिक र शैक्षिक विकासका लागि आफू सदैब लागिरहने बताए । विद्यालयको भौतिक प्रगति राम्रो भएको र आगामी दिनमा शैक्षिक उपलब्धी बृद्धि गर्नका लागि सबै पक्षले एकताबद्ध भएर लाग्न बानियाँले आग्रह गरे । विद्यालयको पुस्तकालय भवन निर्माण गर्न आफूले बोलेको ४० लाख रुपैयाँ सहयोग जारी राख्ने बताउँदै प्रमुखअतिथि बानियाँले दुखमा साथ दिन तयार रहेको बताए ।

विब्यस अध्यक्ष माधब गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका शिक्षाप्रमुख हरिचन्द्र सापकोटाले पशुपतिनाथ माविको विद्यालय ब्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अभिभावकमा सकारात्मक उर्जा रहेको बताए । शिक्षक, विद्यार्थी, अभिभावकबीचको समन्वय अझै जुझारु बन्न सकेको खण्डमा गाउँपालिकाकै उत्कृष्ठ विद्यालय बन्न सक्ने बताए ।

कार्यक्रममा मनहरी-४ का वडाध्यक्ष प्रकाश थापा, पूर्बवडाध्यक्ष धुब खड्का, गाउँ शिक्षा समिति सदस्य धुब सुनार, विब्यस पूर्वअध्यक्षहरु रामहरि ढकाल, चन्द्रबहादुर न्यौपाने, प्रधानाध्यापक भानुभक्त आचार्य, स्थानीय समाजसेबी शंकर न्यौपाने, उद्धब बिष्टलगायतले भेलालाई शुभकामना दिएका थिए । भेलामा अध्यक्ष माधब गौतम र शिक्षक अभिभावक संघका संयोजक ऋषिराम गौतमले प्रस्तुत गरेको प्रतिबेदन बहुमतले पारित गरेको थियो ।

# न्यायिक समिति र मेलमिलापकर्तालाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको न्यायिक समितिका पदाअधिकारीका लागि क्षमता अभिवृद्धि तालिम दिइएको छ ।

समितिका पदाधिकारीलाई तीन दिने क्षमता अभिवृद्धि तालिम आयोजना गरिएको हो । न्यायिक समितिले गर्ने काम र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नगरपालिका भित्र रहेका मेलमिलाप केन्द्रका संयोजक तथा सदस्यहरुको तालिममा सहभागीता रहेको थियो । थाहा नगर पालिका न्यायिक समिति संयोजक भरत गोपालीले तालिमको उद्घाटन गरे । गोपालीले न्याय सम्पादनमा न्यायिक समिति र मेलमिलापकर्ताको भूमिका एवम् अधिकारको बारेमा सहजीकरण गर्नुपर्नेमा जोड दिए । उनले स्थानीय शासनको मुख्य अभिप्राय नै राष्ट्रिय नेतृत्व निर्माण गर्नुपर्ने बताए ।

कानुनको शासन, मौलिक हक तथा मानवअधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक



कल्याणकारी राज्यको निर्माण गर्नका लागि स्थानीय नेतृत्व सबल र सक्षम हुन जरुरी रहेको औंल्याए । वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत सूचिकृत मेलमिलापकर्तालाई समेत तालिममा सहभागी गराइएको पालिकाकी न्यायिक सहजकर्ता गोपी कार्कीले बताइन् । तालिमका सहभागीलाई अधिवक्ता जगन्ननाथ सुवेदीले सहजीकरण गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला गर्ने र केही विवादमा मेलमिलाप गराउन पाउने गरी दुई किसिमको क्षेत्राधिकार दिइएको छ । सामान्य प्रकृतिका पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने किसिमका विवाद निरुपणको जिम्मा पनि स्थानीय तहको न्यायिक समितिलाई दिइएको छ । संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगर पालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने र सो बमोजिमको न्यायिक समितिमा गाउँसभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुईजना सदस्य रहने व्यवस्था समेत छ ।

# मनहरीमा भैंसी खोज्न जाँदा भालुको आक्रमण

हेटौंडा, १९ चैत/मनहरीमा जंगली जनवार भालुको आक्रमणबाट एकजना घाइते भएका छन् । हराएको भैंसी खोज्न जाने क्रममा मनहरी गाउँपालिका-६ का बलबहादुर राईलाई भालुले आक्रमण गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार मनहरी पर्तापुर स्थित राष्टिय निकुन्जको मध्यवर्ती क्षेत्रमा चराउन पठाएको गाई भैंसीहरु नफर्किएपछि स्थानीय बलबहादुर र जय राई जंगलमा खोज्न गएका थिए । नफर्किएको २/४ वटा भैंसी खोज्न जंगल जाने क्रममा भालुले बलबहादुरलाई आक्रमण गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले बताए ।

# धारिलो हतियार प्रहारबाट श्रीमती घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/हेटौंडा उपमहानगरपालिकामा श्रीमान्ले धारिलो हतियारको प्रहारबाट श्रीमतीलाई घाइते बनाएका छन् ।

हेटौडा उपमहानगर पालिका-१३ बाराचौर बस्ने ६० वर्षीय रामबहादुर छुमीले आफ्नै श्रीमती ५५ वर्षीय डोल्मा माया लामालाई धारिलो हतियार प्रहार गरेका हुन् । छुमीको धारिलो हतियार प्रहारबाट लामाको ढाडमा चोट लागेको छ । उनको हेटौंडा अस्पतालमा सामान्य उपचार पछि काठमाडौंतर्फ पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता तथा प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले छुमीको मानसिक अवस्था ठीक नभएको भन्दै उनकी छोरीले प्रहरीसमक्ष बयान समेत दिएकी छन् । घाइतेको अवस्था सामान्य रहेको प्रवक्ता कार्कीले बताए ।

# महिलाले डल-कुशन बनाउन सिके

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/थाहा नगरपालिका-३ का महिलाले डल-कुशन बनाउन सिकेका छन् । यसअघि गृहिणी जीवन बिताउँदै आएका महिलाले आर्थिक आयआर्जन गर्न सकिने सीप सिकेका छन् ।

थाहा नगरपालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमअन्तर्गत तालिम दिएको हो । तालिमको व्यवस्थापन ३ नम्बर वडा कार्यालयले गरेको थियो । तालिममा स्थानीय २२ जना महिला सहभागी थिए । तालिममा महिलाले गणेश, खरायो, कुकुर र पेडीको डल बनाउन सिकेका छन् भने दुईथरी फूल र प्रेम (मुटु) को कुशन बनाउन सिकेका छन् । तालिम समापनमा महिलाले बनाएको डल-कुशनको नमुना पनि राखिएको थियो । उनीहरुले बजारमा बिक्रीका लागि पठाउन सक्ने गरी तालिमबाट सीप सिकेको बताए । सीप सिकाइको क्रममा उत्पादन भएका सामग्रीको विक्रीमूल्यको ८० प्रतिशत उत्पादक महिलाले पाउनेछन् भने २० प्रतिशत नगरपालिकाको कोषमा जम्मा हुनेछ ।

तालिम समापन कार्यक्रममा बोल्दै वडाध्यक्ष्य हिरेन्द्रकुमार रायमाझीले महिलाहरु सीपयुक्त भएकाले व्यवहारमा लागू गर्दै आयआर्जनमा



जोडिनुपर्ने बताए । महिलाले व्यवसायिक रुपमा डल-कुशन निर्माण गरे बजारको लागि वडा कार्यालयले सहयोग गर्ने उनले वचन दिए । बुटवलबाट आएकी सरिता थापाले थाहा-३ का महिलालाई १५ दिनसम्म डल-कुशन बनाउने तालिम दिएकी थिइन् । महिलाले बनाएको डल-कुशन हेरेर थाहा-३ का वडासदस्य पवित्रा ठकुरी, सीताराम जेष्ठ नागरिक दिवासेवाकेन्द्रका अध्यक्ष ईश्वरबहादुर कार्की, उद्यम विकास सहजकर्ताद्वय सुनिता बुढा क्षेत्री र दिक्षा पाण्डे लगायतले तालिममा सहभागी महिलाहरु व्यक्तिगत तथा सामुहिकरुपमा व्यवसायी बन्नेमा विश्वास व्यक्त गरे ।

चालु वर्ष थाहा नगर पालिकाको ३ र ४ नम्बर वडामा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन भइरहेको छ । अहिलेसम्म ३ नम्बर वडामा अचार बनाउने तालिम र डल-कुशन बनाउने तालिम सकिएको छ भने सिलाइ-कटाइ र अल्लोको कपडा बनाउने तालिम चलिरहेको छ । त्यस्तै थाहा-४ मा बाँस तथा निगालोको हस्तकला सामग्री बनाउने तालिम सम्पन्न भइसकेको लघु उद्यम विकासका कार्यक्रम अधिकृत कुमार नेगीले जानकारी दिए । महिलाले बनाएको बाँसको मुडा, ऱ्याक, फोटो फ्रेम, कलमदानी, फूलदानी, अचार, डल र कुशन विक्रीका लागि थाहा-४ स्थित कोशेली घरमा राखिएको छ ।

# दुर्घटनामा पाण्डेको मृत्यु

हेटौंडा, १९ चैत/ काठमाडौंको बल्खुमा सवारी दुर्घटना हुँदा हेटौंडा घर भएका एक पुरुषको मृत्यु भएको छ ।

सानेपाबाट कलंकीतर्फ जाँदै गरेको बागमती प्रदेश-०३-००१ ख १७१५ नम्बरको ट्रकले सोही दिशातर्फ जाँदै गरेको बागमती प्रदेशमा दर्ता रहेको ९८३५ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो । ट्रकको ठक्कर बाट स्कुटर चालक मकवानपुरस्थित हेटौंडा घर भएका ३४ वर्षीय भूपति पाण्डे रहेको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ । प्रहरीका अनुसार, मृतक पाण्डे ब्याच नम्बर-३५ का शाखा अधिकृत हुन् । ट्रकचालक अर्जुन ढुंगानालाई प्रहरी वृत्त कालीमाटीले पक्राउ गरेको छ । घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।


## हावाहुरीबाट बचौं र बचाऔं ।

☞ घरको संरचना बलियो बनाऔं,
☞ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
☞ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं, छतका गमला सुरक्षित रुपमा राखौं,
☞ जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
☞ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

**हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं । हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔ ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## हार्दिक समवेदना



जन्म
२००२-माघ-२१

मृत्यु
२०७९-चैत-८

स्व. कृष्ण मानन्धर

मानन्धर खल:हेटौडाका वरिष्ठ एवम् जेष्ठ सदस्य **स्व कृष्ण बहादुर मानन्धर**को असामयिक स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहित भएका छौं । १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्न सक्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सुनकुमार मानन्धर (अध्यक्ष) एवम्
**मानन्धर खल: परिवार**
हेटौडा -१ चौकिटोल

*भुटनदेवी अल्मुनाई एशोसिएसन (पूर्व विद्याथीहरुको संस्था)को*

## साधरण सभा सवन्धी सूचना

यस एसोसिएसनको १७ औं वार्षिक साधरण सभा एवम् मित्र मिलन कार्यक्रम निम्न मिति ,समय र स्थानमा हुने भएकोहुदा सम्पूर्ण सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितीको लागि हार्दिक निमन्त्रणा गर्दछौ।

***कार्यक्रम विवरण***
मिति:२०७९ साल चैत २५ गते शनिबार
समय:विहान ८ वजे
स्थान: वनस्खण्डी देवी मन्दिर परिसर हेटौडा -२
सहभागिता शुल्क :रु १०००।-(प्रति सदस्य)

***थप जानकारीको लागि***
१. श्री गणेश कुमार श्रेष्ठ-९८५५०६९२२९
२. श्री विजेन्द्र अग्रवाल-९८४१४४५२२६
३. श्री सुरेश कुमार श्रेष्ठ-९८४५०५७२५०
४. श्री प्रेम लाल श्रेष्ठ-९८५५०७१२८०
५. श्री नरेन्द्र श्रेष्ठ -९८४५०२२८९९
६. श्री प्रद्युम्न उपाध्याय-९८५५०७१६९७
७. श्री श्रीकृष्ण पराजुली-९८५५०७०७६५
८. श्री विष्णु गोपाल महर्जन-९८५५०६७०२९
९. श्री अनिल खड्के-९८४९९३७४६१
१०.श्री राजेन्द्र पोखेल-९८४५०२५५४०
११.श्री धुवराज शर्मा-९८४५१०६१२३
१२.श्री कृष्ण गोपाल वर्तौला-९८४५२६९५२३
१३.श्री कपिला जोशी-९८४५०२२८५५
१४.श्री प्रमिला अर्याल-९८५५०२५६४६

चन्द्र बहादुर थापा (संयोजक)
९८५१०५८३९२

**भुटनदेवी अल्मुनाई एशोसिएसन, परिवार**
**हेटौडा-४ मकवानपुर**


*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।


**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३



## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२



## पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास विक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८०१३३२१२२**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना